साउन - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २४, अङ्क ८ | २०७२, साउन १६–३२ | पूर्णाङ्क ५५४



**प्रकाशक**

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

**फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८**

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

# प्रकाशन, सञ्चार तथा सम्पादन समिति


| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद्** : उप.प्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | १ |
| संयुक्त इजलास | १० |
| इजलास नं. १ | १८ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ८ |
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | २१ |
| इजलास नं. ८ | ३ |
| एकल इजलास | ३ |
| अन्तरिम आदेश | ५ |
| जम्मा | ८६ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, साउन – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०– ०१– ३३३– ५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१** |
| १. | उत्प्रेषण/ परमादेश | धर्मेन्द्र सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **१-७** |
| २. | उत्प्रेषण/ परमादेश | बद्रीप्रसाद शर्मा वि. जग्गा मुआब्जा निर्धारण समिति जिल्ला प्रशासन कार्यालय, बागलुङसमेत | |
| ३. | परमादेश | निमचन्द्र भन्ने निमचन्द्र साह वि. दीपककुमार चौधरी (राजवंशी) | |
| ४. | निषेधाज्ञा/ परमादेश | विश्वनाथ शर्मा वि. जिल्ला विकास समतिको कार्यलय, बागलुङसमेत | |
| ५. | उत्प्रेषण/ परमादेश | किरण श्रेष्ठ वि. शिक्षा सदन माध्यमिक विद्यालय, मोरङसमेत | |
| ६. | निषेधाज्ञा | किरण श्रेष्ठ वि. जिल्ला मोरङ, विराटनगर उमनपा वडा नं. १२ स्थित शिक्षा सदन माध्यमिक विद्यालय मोरङसमेत | |
| ७. | कर्तव्य ज्यान | मनसरा कामी वि. नेपाल सरकार | |
| ८. | कर्तव्य ज्यान | राजाकुमार कर्ण वि. नेपाल सरकार | |
| ९. | उत्प्रेषण | रामलखन यादव वि. मनोजकुमार यादवसमेत | |
| १०. | घर खाली गराइ पाऊँ | डम्बरबहादुर लावती वि. धनबहादुर लावतीसमेत | |
| ११. | खुन डाँका र गौवध | नेपाल सरकार वि. वकिल मिया मुसलमान | |
| **इजलास नं. १** | | | **८-१६** |
| १२. | बन्दी प्रत्यक्षीकरण | रामकुमार विष्ट वि. कारागार कार्यालय, भीमफेदी, मकवानपुरसमेत | |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ह[illegible]म थारू चौधरी | |
| १४. | जबर्जस्ती करणी | नेपाल सरकार वि. लोकेन्द्र भन्ने लोकराज हमाल | |
| १५. | लागु औषध बिक्री वितरण | नेपाल सरकार वि. पंकज सिंहसमेत | |
| १६. | जबर्जस्ती करणी | नेपाल सरकार वि. सेतु भन्ने साबुद्दिन मियाँ | |
| १७. | उत्प्रेषण/ परमादेश | क्ष्मी शर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |

| | | |
|---|---|---|
| १८. | उत्प्रेषण | विरादत्त वड्डु वि. सुन्तली धामीसमेत |
| १९. | बन्दी प्रत्यक्षीकरण | चमेली लामा वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत |
| २०. | रकम असुल निर्णय बदर | अख्तियार दुरूपयोग अनुसन्धान आयोग वि. गोविन्दप्रसाद पन्तसमेत |
| २१. | लागु औषध ख[illegible]हेरोइन | दीपक सापकोटा वि. नेपाल सरकार, कल्पना राई वि. नेपाल सरकार |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुमन कार्की |
| २३. | कर्तव्य ज्यान | प्रकाश चौधरीसमेत वि. नेपाल सरकार |
| **इजलास नं. २** | | **१६-१८** |
| २४. | उत्प्रेषण | रामप्रसाद सापकोटा वि. विद्यालय शिक्षक किताबखाना, छाउनीमार्ग, काठमाडौंसमेत |
| २५. | उत्प्रेषण | मयाराम पोखरेल वि. निजामती किताबखाना, हरिहरभवन, ललितपुरसमेत |
| **इजलास नं. ३** | | **१८-२१** |
| २६. | जबर्जस्ती करणी | नेपाल सरकार वि. गंगबहादुर भन्ने प्रदीप शाही |
| २७. | मोही लगत कट्टा | लक्ष्मीकुमारी ढकाल वि. चुण्डा सोरेन सतार |
| २८. | बिमा दाबी | डा. शिवहरि श्रेष्ठ वि. छोटेलाल दास |
| २९. | जग्गा खिचोला | अज[illegible]ल बमसमेत वि. अम्बरबहादुर बमसमेत |
| ३०. | करारीय दायित्वबाट मुक्त गरी क्षतिपूर्ति दिलाई पाउँ | उज्वोल अनुप लामा वि. जिल्ला विकास समितिको कार्यालय, तनहुँ |
| ३१. | कित्ताकाट दा.खा. दर्ता बदर र दर्ता | शङ्कर सुनार वि. मोहन वि.क. सुनार |
| ३२. | हक कायम जग्गा खिचोला घर उठाई चलन | टेकामाया श्रेष्ठ वि. ओमप्रकाश न्यौपाने |
| **इजलास नं. ४** | | **२१-२४** |
| ३३. | लागु औषध सेतो हेरोइन | नेपाल सरकार वि. तुलाराम खवाससमेत |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पर्शुराम मण्डल धानुक |

| | | |
|---|---|---|
| ३५. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. अविशेष श्रेष्ठसमेत |
| ३६. | राष्ट्रिय वनको रूख काटी हानि नोक्सानी गरेको | नेपाल सरकार वि. जनकलाल थारू |
| ३७. | वैदेशिक रोजगार सम्बन्धी कसुर | नेपाल सरकार वि. बिनोदबहादुर खड्कासमेत |
| ३८. | जबर्जस्ती करणी | रिट्ठे भन्ने गङ्गाबहादुर विश्वकर्मा वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२४-२८** |
| ३९. | उत्प्रेषण | रस्मीकुमारी मण्डल वि. जिल्ला शिक्षा कार्यालय, धनुषासमेत |
| ४०. | उत्प्रेषण/ परमादेश | जिल्ला शिक्षा कार्यालय, नन्दीलाल शाह वि. जिल्ला कालिकोटसमेत |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जोगेन्द्र साह |
| ४२. | सरकारी छाप किर्ते | वीरेन्द्रकुमार मेहता वि. नेपाल सरकार |
| ४३. | कर्तव्य ज्यान | मन्जु पहाडी वि. नेपाल सरकार |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सीता के.सी. समेत |
| ४५. | निर्णय दर्ता बदर हक कायम | गोपीलाल गिरी वि. बाबुराम उपाध्याय रिमाल |
| **इजलास नं. ६** | | **२८-२९** |
| ४६. | किर्ते तथा ठगी | नेपाल सरकार वि. प्रदीपकुमार यादवसमेत |
| ४७. | खिचोला मेटाई चलन | मोदाकादेवीसमेत वि. मोतीलाल साह कानूसमेत |
| **इजलास नं. ७** | | **२९-३१** |
| ४८. | हक कायम दर्ता बदर | सीताराम धिताल वि. हृदयराज धिताल |
| ४९. | परमादेश | शोभाचन्द्र मिश्र वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, काठमाडौंसमेत |
| ५०. | उत्प्रेषण | नवराज नेपाल वि. अल्पाइन कार्ड सर्भिसेज प्रा.लि.समेत |
| **इजलास नं. ८** | | **३१-३३** |
| ६१. | अदालतको अपहेलनामा सजाय गरिपाउँ | लक्ष्मीकान्त मिश्र वि. गाउँ विकास समिति नरसिंहपुर बाँकेको पदपूर्ति समितिसमेत |

| | | |
|---|---|---|
| ६२. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. प्रयागराय यादवसमेत |
| ६३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हेमबहादुर आलेसमेत |
| **एकल इजलास** | | **३३-३५** |
| ६४. | उत्प्रेषण/ परमादेश | मीना श्रेष्ठ डङ्गोल वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, काठमाडौंसमेत |
| ६५. | उत्प्रेषण/ परमादेश | तेजनारायण सिंह राजपुत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| ६६. | उत्प्रेषण/ परमादेश | श्यामलाल खवास वि. संजोग खवाससमेत |

| | | |
|---|---|---|
| **अन्तरिम आदेश** | | **३५-३६** |
| ६७. | उत्प्रेषण/ परमादेश | अनु प्रधान राणा वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| ६८. | उत्प्रेषण | यादवप्रसाद पौडेलसमेत वि. शिक्षा मन्त्रालयसमेत |
| ६९. | उत्प्रेषण | मेरी स्टोप्स सर्भिसेजकी प्रवन्धक फरिना बानु वि. श्रम अदालतसमेत |
| ७०. | उत्प्रेषण | समिरकुमार अधिकारी वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय काठमाडौंसमेत |
| ७१. | उत्प्रेषण | नारायणमणि लामिछानेसमेत वि. उद्योग मन्त्रालयसमेत |

## विशेष इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WS-००७५, उत्प्रेषण/परमादेश, *धर्मेन्द्र सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानप्रदत्त हकाधिकारमा यो यो कारणले उल्लङ्घन भएको छ वा यसरी अनुचित तवरबाट बन्देज लगाएको छ भन्ने कुरा निवेदकले स्पष्टरूपले आधार प्रमाणसहित प्रमाणित वा पुष्टि गर्न सकेको अवस्थामा मात्र कुनै पनि कानून संविधानविपरीत रहेको भनी लिइएको दाबी विचारणीय हुनसक्ने हुन्छ । अदालतले कुनै पनि ऐन, वा नियम जहिले पनि वैध र अधिकारक्षेत्रभित्र रही निर्माण गरिएको छ, संविधानसम्मत रहेको छ भन्ने अनुमान गर्ने हुनाले कुनै ऐन, वा नियम बाझिएको छ भनी दाबी गर्ने पक्षले दाबी गरेअनुसारको कानूनी व्यवस्था के कसरी संविधानसँग बाझिएको हो भन्ने कुरा प्रमाणित गरी अदालतलाई विश्वास दिलाउन सक्नुपर्ने ।

प्रहरी ऐन नियमको व्यवस्थाअनुसार निवेदकलाई गरिएको विभागीय कारवाहीको कुरालाई फौजदारी कसुरको अपराधमा गरिने न्याय प्रशासनसँग सम्बन्धित कारवाही तथा सुनुवाइको सन्दर्भमा आकर्षित हुने नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को संविधानप्रदत्त अधिकारसँग जोडी हेर्न मिल्ने हुँदैन । यी निवेदकले आफ्नो निवेदनमा सो कुराको दाबीमा लिँदैमा मात्र पुग्दैन । कानूनमा भएको यो यो व्यवस्था यसकारण संविधानको यो प्रावधानसँग यसरी बाझियो भनी स्पष्ट रूपमा पुष्टि गर्न सक्नुपर्ने हुन्छ । तर यी निवेदकले आफ्नो निवेदनमा आफूलाई गरिएको विभागीय कारवाहीबाट के कस्तो हक हनन् भएको छ वा त्यस्तो व्यवस्था कुन धारासँग बाझिएको हो भन्ने कुरा पुष्टि गर्न सकेको नदेखिने ।

मिति २०६९।१।१४ गते धनुषा जिल्लाको बेलापुल भन्ने ठाउँमा ड्युटीमा कार्यरत रहेको अवस्थामा जनकपुरबाट जलेश्वरतर्फ मोटरसाइकलमा जाँदै गरेको एकजना यात्रुबाट डरधाक देखाई जबर्जस्ती भा.रू. २०,०००।– रकम लिएको भन्ने जानकारी प्राप्त भएको सोसम्बन्धमा छानबिन प्रारम्भ भै खानतलासी लिँदा निजको साथबाट ५०० दरका ३९ थान भारतीय रूपैयाँ बरामद भएको भन्ने कुरा उक्त निर्णय पर्चाबाट देखिएको छ । यस्तो अवस्थामा प्रहरी नियमावली, २०४९ को नियम ८९ मा सजायसम्बन्धी कार्यविधि तोकिएको र सोही कार्यविधिअनुसार नै निज धर्मेन्द्र सिंहलाई मिति २०६९।१।१६ गतेको पत्रमा निजमाथि लगाइएको आरोप र त्यस्तो आरोपको आधारका साथै निजलाई गर्न लागिएको कारवाही र हुनसक्ने सजायसमेतको उल्लेख गरी स्पष्टीकरण सोधिएको देखिँदा सफाइको मौका प्रदान नगरिएको अर्थात् स्पष्टीकरणको मौका नै नदिएको भन्ने निवेदक भनाइसँग सहमत हुन नसकिने ।

रिट निवेदक धर्मेन्द्र सिंहलाई आफ्नो पदको जिम्मेवारीअनुसार आचरण नगरेको भन्ने आधारमा जिल्ला प्रहरी कार्यालय, धनुषाले प्रहरी नियमावली, २०४९ को नियम ८४ को देहाय (ज) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि सामान्यत: अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने गरी गरेको निर्णय र सोलाई सदर गर्ने गरेको मध्येक्षेत्र प्रहरी कार्यालय, हेटौंडा, मकवानपुरको निर्णय कानूनअनुरूप नै देखिँदा निवेदन जिकिरसँग सहमत हुनसक्ने अवस्था रहेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली

इति संवत् २०७१ साल जेठ २९ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री दीपकराज जोशी,** ०६९-CI-०११८, उत्प्रेषण/परमादेश, *बद्रीप्रसाद शर्मा वि. जग्गा मुआब्जा निर्धारण समिति जिल्ला प्रशासन कार्यालय, बागलुङसमेत*

यस सम्बन्धमा मिसिल संलग्न कागजात हेर्दा निवेदकको जग्गा सम्बन्धमा सर्वोच्च अदालतको आदेशानुसार कानूनबमोजिम गठन भएको मुआब्जा निर्धारण समितिबाट मिति २०६६।६।२५ मा मुआब्जा निर्धारण गरिएको भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको पाइन्छ । यी पुनरावेदकले यस अदालतमा दिएको २०५५ सालको रिट नं. ३४१३ को उत्प्रेषण परमादेशको रिट निवेदनमा रिट निवेदकको सडकमा परेको जग्गाको मुआब्जा दिनेतर्फ कारवाही अघि बढाई मुआब्जा दिनु भनी मिति २०५८।५।१९ मा परमादेशको आदेश जारी भएको मिसिल संलग्न रहेको उक्त आदेशको प्रतिलिपिबाट देखिन्छ । सोही आदेशबमोजिम जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको मुआब्जा प्राप्त नभएको भन्ने नै पुनरावेदकको मुख्य कथन रहेको पाइन्छ।

यस अदालतको मिति २०५८।५।१९ को आदेशबमोजिम जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम मुआब्जा निर्धारण समिति गठन भई निवेदकको जग्गाको मुआब्जा निर्धारण गर्दा २०५४ सालमा बाटो निर्माण भएको भए पनि २०५४ सालको मूल्याङ्कनबमोजिमको मूल्य निर्धारण नगरी २०६६ सालमा मालपोत कार्यालय, बागलुङबाट निर्धारण गरिएको जग्गा मूल्याङ्कन पुस्तिकाबमोजिमको मुआब्जा निर्धारण गरिएको भन्ने उक्त मुआब्जा निर्धारण समितिको निर्णयबाट देखिएकाले आफ्नो जग्गाको अत्यन्तै कम मूल्याङ्कन गरिएको भन्ने पुनरावेदकको जिकिर मनासिब देखिएन।

पुनरावेदकको जग्गा हुँदै २०५४ सालमा नै बागलुङ-बुर्तिवाङ मोटरबाटो बनी उक्त बाटोको स्तरोन्नतिसमेत भई पुनरावेदकको जग्गा सार्वजनिक काममा प्रयोग भएको देखिएको र पुनरावेदकको जग्गाको मुआब्जा स्वरूप पुनरावेदकको नाममा रू. ३,५२,३७४।–रकम निकासा भई चेकसमेत तयार भई उक्त रकम बुझ्न आउन भनी मिति २०६७।४।११ मा जिल्ला प्रशासन कार्यालय, बागलुङबाट पुनरावेदकको नाममा पत्रसमेत पठाइएको मिसिलबाट देखिएको अवस्थामा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको प्रक्रिया पूरा नगरिएको भन्ने पुनरावेदकको जिकिर मनासिब देखिएन।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट पुनरावेदकको जग्गा सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम गठित मुआब्जा निर्धारण समितिले कानूनबमोजिम मुआब्जा निर्धारण गरी मुआब्जाको रकमसमेत निकासा भइसकेको र उक्त प्रक्रिया कानूनविपरीत भएको भन्ने नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नभएको भनी रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत बागलुङ मिति २०६८।१०।११ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-०५१७, परमादेश, निमचन्द्र भन्ने *निमचन्द्र साह वि. दीपककुमार चौधरी (राजवंशी)*

प्रहरी कार्यालयले जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेको भनी निवेदकले जिल्ला प्रशासन कार्यालय, मोरङमा मिति २०६७।७।१८ मा निवेदन दिई जिल्ला प्रशासन कार्यालय, मोरङले उक्त जाहेरी दरखास्त सम्बन्धमा आवश्यक कारवाही अघि बढाउन भनी जिल्ला प्रहरी कार्यालय, मोरङलाई निर्देशन गरी जिल्ला प्रहरी कार्यालय, मोरङले विपक्षी इलाका प्रहरी कार्यालय, सिजुवालाई आवश्यक कारवाहीको लागि मिति २०६७।७।२० मा लेखी पठाएको मिसिलबाट देखिएकाले विपक्षी इलाका प्रहरी कार्यालयको जिकिरबमोजिम निवेदकको जाहेरी दरखास्त हदम्याद नाघी दर्ता हुन आएको भन्न मिल्ने नदेखिने।

सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा ३ को उपदफा (१) मा अपराधसम्बन्धी जाहेरी

दरखास्त सम्बन्धित प्रहरी कार्यालयमा दर्ता गर्नुपर्ने, सो कार्यालयले दर्ता गर्न इन्कार गरेमा सोही दफाको उपदफा (५) बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा माथिल्लो प्रहरी कार्यालयसमक्ष अपराधको सूचना दिनुपर्ने र प्रमुख जिल्ला अधिकारी वा माथिल्लो प्रहरी कार्यालयले आवश्यक निर्देशनसहित लिखितरूपमा त्यस्तो अपराधको सूचना आवश्यक कारवाहीका लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्ने एवम् उपदफा (५) बमोजिम प्राप्त भएको अपराधको सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्नुपर्ने, सोही दफाको उपदफा (६) मा कानूनी व्यवस्था रहेको सन्दर्भमा उक्त कानूनी व्यवस्थाबमोजिम केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ४ को उपदफा (१) बमोजिम ७ दिनभित्र जाहेरी परेको देखिएकाले कानूनको म्याद नाघी जाहेरी दर्ता गर्न आएको भन्ने देखिन आएन । यस अवस्थामा निवेदकको जाहेरी दर्खास्त दर्ता गरी आवश्यक कारवाही अगाडि बढाउन भनी पुनरावेदन अदालतबाट जारी भएको परमादेशको आदेश मनासिब देखिन आउने ।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम पर्न आएको जाहेरी दरखास्त दर्ता गरी कारवाही प्रक्रिया अघि बढाउनु भनी विपक्षी इलाका प्रहरी कार्यालय, सिजुवाको नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।१२।२८ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । विपक्षीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०११९, निषेधाज्ञा/परमादेश, *विश्वनाथ शर्मा वि. जिल्ला विकास समतिको कार्यलय, बागलुङसमेत*

यिनै पक्ष विपक्ष भएको क्षतिपूर्ति दिलाई पाउँ भन्ने मुद्दामा भएको नक्सा मुचुल्काबाट निवेदकले दाबी लिएको जग्गामा कुनै प्रकारको निर्माण कार्य भएको देखिँदैन । निवेदन दाबीबाहेकको अरू नै जग्गामा भएको निर्माण कार्यसमेत सम्पन्न भइसकेको भन्ने उक्त मुचुल्काबाट देखिन्छ । यस अवस्थामा आफ्नो जग्गाबाट ढल निकास बनाउन लागेको आशङ्का भएको भन्ने निवेदन दाबी र पुनरावेदन जिकिर मनासिब नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिन आउने हुँदा निवेदकले दाबी गरेको जग्गामा कुनै प्रकारको निर्माण कार्य हुन लागेको भन्ने नक्सा मुचुल्कासमेतबाट नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नभएको भनी निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, बागलुङको मिति २०६८।१०।९ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदनको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री दीपकराज जोशी,** ०६८-CI-०९२२, उत्प्रेषण/परमादेश, *किरण श्रेष्ठ वि. शिक्षा सदन माध्यमिक विद्यालय, मोरङसमेत*

शिक्षा नियमावली, २०५९ को नियम १७३(१) मा विद्यालयको नगदी जिन्सी माल सामानको लगत स्रेस्ता राख्ने जिम्मा लिएको शिक्षक सरूवा वा अन्य कारणबाट विद्यालय छोडी जाँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी मालसामानको वरबुझारथ विद्यालयमा गर्नुपर्ने भन्ने व्यवस्था रही सोही नियम १७३(२) मा बरबुझारथ नगर्ने शिक्षकलाई निजले पाउने तलब भत्ता रोक्का गरी असुलउपर वा सोधभर्ना गरिनेछ भन्ने व्यवस्था भएबाट यी पुनरावेदकले आफ्नो जिम्मामा रहेको हरहिसाब बरबुझारथ गरेको अवस्थामा नियमानुसार पाउने तलब भत्ता पाउने नै हुँदा कानूनबमोजिम भए गरेको

काम कारवाहीबाट पुनरावेदकको कानूनप्रदत्त हकमा आघात पुगेको भन्न मिलेन । यस अवस्थामा रिट निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिबै देखिन आउने ।

विपक्षी विद्यालय व्यवस्थापन समितिबाट भएको काम कारवाही कानूनप्रतिकूल रहेको नदेखिएकाले उत्प्रेषण / परमादेशको आदेश जारी गर्न निमल्ने भनी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।८।१९ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-०९२३, निषेधाज्ञा, *किरण श्रेष्ठ वि. जिल्ला मोरङ, विराटनगर उमनपा वडा नं. १२ स्थित शिक्षा सदन माध्यमिक विद्यालय मोरङसमेत*

विपक्षीहरूले आफूलाई विद्यालयमा पठनपाठन गर्न नदिने आशङ्काको स्थिति विद्यमान रहेको भन्ने निवेदकको कथनलाई विपक्षीहरूले इन्कार गरी निवेदक विद्यालयमा हाजिर भइरहेकाले निजलाई विद्यालयमा हाजिर हुन तथा पठनपाठन गर्ने कार्यमा रोक लगाएको छैन, रोक लगाउनु पर्ने कारण पनि छैन भन्ने जिकिर लिएको पाइन्छ । सोबमोजिम निवेदक विद्यालयमा हाजिर रहेकोसमेत देखिएकाले निवेदन दाबीमा उल्लेख गरेबमोजिम यी पुनरावेदकलाई विद्यालयमा हाजिर हुन वा पठनपाठन गर्न रोक लगाउने आशङ्काको अवस्था देखिन आएन । यस अदालतमा पुनरावेदन गर्दा पनि यी पुनरावेदक आफू विद्यालयमा नियमितरूपमा हाजिर भई पठनपाठनमा संलग्न रहेको भन्ने उल्लेख गरेको देखिएकाले पुनरावेदकले दाबी गरे जस्तो आशङ्काको स्थितिको विद्यमानता रहेको भन्न मिलेन ।

निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नभएको भनी निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।८।१९ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम् ।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०५९१, कर्तव्य ज्यान, *मनसरा कामी वि. नेपाल सरकार*

मृतकको पोस्टमार्टम रिपोर्टमा मृतकको टाउकोको विभिन्न भागमा र मस्तिष्कमा समेत गम्भीर चोट पुगेकाको कारण मृत्यु भएको भन्ने उल्लेख भएको र मृतकको लासजाँच प्रकृति मुचुल्कामा कन्चटमा २ इन्च, टाउकामा ३ इन्च, आँखामाथि १ इन्च काटिएको, घाँटी गाला र आँखामा निलडाम रहेको भन्ने उल्लेख भएको देखिएकाले प्रतिवादीले मृतकलाई निर्ममतापूर्वक फलामको बासुला जस्तो जोखिमी हतियारले टाउकामा पटकपटक प्रहार गरी मारेको भन्ने देखिन आउने ।

मृतकको टाउकामा लागेको चोटको प्रकृतिलाई हेर्दा प्रतिवादीले मृतकलाई मार्ने उद्देश्यले प्रहार गरेको थिएन भन्न सकिने अवस्था छैन । सो चोट पनि एकपटक मात्र प्रहार भएको नभई पटकपटक प्रहार भएको देखिएकाले भवितव्य हो कि भन्ने आशङ्कासमेत नरही प्रतिवादीले मृतकको ज्यानै लिने उद्देश्यले फलामको बासुलाले प्रहार गरेको देखिन आएको र प्रतिवादी मनसरा कामीले निजकी सौता मृतक गौनी कामीलाई फलामको बासुला प्रहार गरी मारेकाले अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम प्रतिवादी मनसरा कामीलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू रोल्पा जिल्ला अदालतका फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुर दाङको

मिति २०६८।१२।१९ को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७१ साल मङ्सिर १७ गते रोज ४ शुभम् ।

७

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०७४२, १०२९, कर्तव्य ज्यान, *राजाकुमार कर्ण वि. नेपाल सरकार, नेपाल सरकार वि. राजाकुमार कर्णसमेत*

मृतकको शरीरमा लागेको घाउ चोटको प्रकृतिबाटै प्रहार साङ्घातिक भएको तथ्यको पुष्टाइँ हुन्छ । अरूले धकेलिएर छुरा घोचिन गएमा त्यस्तो साङ्घातिक प्रकृतिको घाउ लाग्न सक्ने अवस्था हुनसक्ने होइन । अतः भवितव्य परी मृतकको मृत्यु भएको भन्ने जिकिरसँग सहमत हुन सकिएन । यी प्रतिवादी राजाकुमार कर्णको प्रहारबाट सुशीलकुमारको मृत्यु भएको कुराको पुष्ट्याइँ शव परीक्षण प्रतिवेदन र प्रतिवादीको बयानसमेतबाट भएकाले निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ नं. को कसुर गरेको ठहर्ने ।

प्रतिवादीहरूमध्ये पंकज साह सुडीउपर ज्यानसम्बन्धीको महलको १७(३) को सजायको माग दाबी रहेकामा निजको हकमा भने जाहेरवाला हरिनारायण पाण्डेलगायत अदालतमा उपस्थित भई बकपत्र गर्ने शशी साह, सुनिल पाण्डे, अहमद रेजा राइन र लक्ष्मण पाण्डेसमेतले यी प्रतिवादी पंकज साह सुडीको अपराधमा संलग्नता नरहेको भनी बकपत्र गरी दिएको देखिएकाले प्रतिवादी पंकज साह सुडीउपरको आरोपको पुष्ट्याई प्रमाणबाट नभएकाले निजलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिने ।

प्रतिवादी रविकुमार कर्णले आफूले मृतकसित भाइलाई कुटपिट किन गरेको भनी सोधपुछ गर्दाकै अवस्थामा भाइले छुरा प्रहार गरेको कारणबाट मृतकको मृत्यु भएको हो भनी अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेको छ भने अदालतमा गरेको बयानमा आफू वारदातस्थलमा नै नरहेको भन्ने कुरा उल्लेख गरेको देखिन्छ । अनुसन्धानको क्रममा बुझिएका शशी साह, सुनिल पाण्डे, अहमद रेजा राइन र लक्ष्मण पाण्डेले गरेको कागज र अदालतमा भएको बकपत्रमा प्रतिवादी रविकुमारले मृतकलाई बोलाई बाहिर लगेको भनी बकी लेखाइदिए पनि रविकुमार कर्णले आफूले मार्न बचन नदिएको र मार्ने परिबन्द नमिलाएको भन्ने कुरा अधिकारप्राप्त अधिकारीसमक्ष लेखाएको र सो कुरा स्वयम् राजाकुमार कर्णको बयानबाट पनि समर्थित भइरहेकाले रविकुमार कर्णले मृतकलाई मार्न बचन दिएको तथ्यको पुष्ट्याई हुन सकेको नपाइएकाले निजलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिने ।

अधिकारप्राप्त अधिकारीसमक्ष भने वारदातस्थलमा उपस्थित रहेको कुरा स्वीकारे पनि मृतकलाई मार्न हात समाई सहयोग गरेको आरोपलाई अस्वीकार गरेको देखिन्छ । अनुसन्धानको क्रममा बुझिएका शशी साहले यी प्रतिवादीद्वय वारदातस्थलमा उपस्थित रहेको भन्ने कुरा लेखाए पनि मृतकको हात समातेको कुरा लेखाउन सकेको छैन । जाहेरवाला हरिनारायण पाण्डेले पनि यी प्रतिवादीहरूले मृतकको हात समातेको कुरा लेखाएको छैन । सुनिल पाण्डेले अनुसन्धानको क्रममा गरेको कागजमा यी प्रतिवादीद्वयले धर्मेन्द्र गुप्ता र जितेन्द्रकुमार मल्लिक मृतकको हात समातेको व्यहोरा लेखाए पनि बकपत्र गर्दा सो कुरा स्पष्ट रूपमा भन्न सकेको छैन । लक्ष्मण पाण्डेले अदालतसमक्ष भएको बकपत्रमा जितेन्द्र र धर्मेन्द्रले मृतकको हात समातेको देखें भन्ने व्यहोराबाट बकपत्र गरे पनि निज घटनास्थल प्रकृति मुचुल्कामा रोहबरमा बसेको र सो मुचल्कामा यी प्रतिवादीहरूले

मृतकको हात समातेको कुरा उल्लेख रहेको नपाइएकाले निजको बकपत्र विश्वासप्रद देखिन आएन। प्रतिवादीहरू मध्येका राजाकुमार कर्णले गरेको छुराको प्रहारकै कारणबाट सुशिलकुमारको मृत्यु भएको तथ्य स्थापित भएबाट जानकी माध्यामिक विद्यालय धनुषाको पत्र तथा जन्मदर्ताको प्रमाणपत्रबाट निजको जन्ममिति २०४७।१।२९ भै वारदातका दिन निजको उमेर १६ वर्षमुनिको रहेकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) को कसुर गरेको ठहराई सोही महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैद हुने भई नाबालक भएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम निजलाई आधा सजाय हुने र अन्य प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।२।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार तथा प्रतिवादी राजाकुमार कर्णको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: ईश्वर पराजुली
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल कात्तिक २६ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०३६५, उत्प्रेषण, *रामलखन यादव वि. मनोजकुमार यादवसमेत*

लेनदेन मुद्दाको सम्बन्धमा पेस भएको कपाली तमसुकमा उल्लेख भएको ऋणीको वतनमा नै म्याद जारी गरी तामेल हुनुपर्दछ । सो वतनभन्दा फरक वतनमा म्याद तामेल गरिएको अवस्थामा त्यस्तो तामेलीलाई रीतपूर्वक तामेल भएको भन्न नमिल्ने ।

लेनदेनको तमसुकमा उल्लेख भएको ऋणीको वतनभन्दा फरक वतनमा तामेल भएको म्याद सम्बन्धित पक्षले प्राप्त गर्न नसकी लेनदेन व्यवहार सम्बन्धमा ऋणीले प्रतिवाद नै गर्न नपाउने अवस्था हुन जाने।

लिखतबमोजिमको साँवा ब्याज लिए नलिएको, तिरे नतिरेको लगायत लिखतमा लागेको सही छाप सम्बन्धमा अ.वं. ७८ नं. बमोजिमको प्रक्रिया एवम् लिखतको सहीछाप विशेषज्ञबाट जाँच गराउनु पर्नेलगायतका प्रक्रियासमेतमा अर्को पक्षले प्रतिवाद गर्न नपाउने अवस्था आउन सक्छ । आफूउपरका आर्थिक वा फौजदारी दायित्वका सम्बन्धमा प्रतिवादीले प्रतिवाद गर्न नपाउने गरी भएको बेरीतको म्याद तामेली र सोही म्याद तामेलीको आधारमा भएको एकतर्फी फैसलाबमोजिम उठान भएको बिगोसमेतको काम कारवाही प्राकृतिक न्यायको सिद्धान्तको अनुकूलको कामकारवाही भन्न नमिल्ने।

रिट निवेदकको वास्तविक वतनमा म्याद तामेल नभई प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाइको मौकाबाट वञ्चित गरी लेनदेन मुद्दाका प्रत्येक चरणमा प्रतिवादीको फरक वतन पारी एकतर्फी रूपमा फैसला भई सो फैसलाको आधारमा बिगो भरिभराउतर्फको कामकारवाही गरिएको देखिएकाले उक्त काम कारवाही कानूनअनुकूल भएको भन्न नमिल्ने ।

रिट निवेदकलाई लेनदेन मुद्दामा प्रतिवाद गर्ने मौका प्रदान नगरी गलत वतनमा म्याद जारी गरी एकतर्फीरूपमा बिगो भराउने गरी फैसला भएको देखिएकाले उक्त मिति २०६४।१२।१३ को म्याद तामेली र सो आधारमा भएको मिति २०६५।४।२२ को काठमाडौं जिल्ला अदालतको फैसला एवम् बिगो भरिभराउसमेतको सम्पूर्ण कामकारवाहीसमेत प्राकृतिक न्यायको सिद्धान्तको प्रत्यक्ष त्रुटि देखिँदा त्यस्तो त्रुटिपूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब लेनदेनको लिखतमा लेखिएको ऋणीको सही वतनमा पुनः म्याद जारी गरी म्याद तामेल गरी रिट निवेदकलाई प्रतिवादको मौका प्रदान गरी लेनदेन मुद्दाको पुनः कारवाही र फैसला गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाममा

परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : विश्वनाथ भट्टराई
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७१ साल पुस २२ गते रोज ३ शुभम् ।

९

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०२४८, घर खाली गराइ पाऊँ, *डम्बरबहादुर लावती वि. धनबहादुर लावतीसमेत*

फिराद दाबीको पाँचथर जिल्ला, कुरूम्बा गा.वि.स. ३ ख कि.नं. ६० को जग्गा यी वादीका बाबु फुहाङ लावतीको नाममा दर्ता रहेकामा विवाद छैन । आपसमा छुट्टीभिन्न भैसकेका यी प्रतिवादीहरूले आफ्नो नाउँ दर्ताको सोही ठाउँमा अवस्थित कि.नं. ५८ र ५९ को जग्गा हुँदा हुँदै यी पुनरावेदक वादीका पिताको नाउँको कि.नं. ६० को जग्गामा घर बनाएको भन्ने कथन अन्य कागज प्रमाणबाट पुष्टि नहुँदासम्म स्वाभाविक मान्न नमिल्ने ।

अर्काको नामको जग्गामा घर बनाउन जग्गाधनीको स्वीकृति लिई सो घर बनाएको हो भनी यी प्रतिवादीहरूको कथन पनि नभएको अवस्थामा आफैँले घर बनाई बसेको हो भन्ने जिकिर लिँदैमा मात्र पर्याप्त नहुने ।

जग्गामा हक स्वामित्वको लागि विवादको सम्पत्तिसँग सम्बन्धित प्रत्यक्ष प्रमाण हुन आवश्यक छ र त्यस्तो प्रमाणको अभावमा भोग लगायतका अरू आधारका केवल गौण तथा झिनो प्रमाण हुन्छन् । यी प्रतिवादीहरूले वादीको जग्गामा घर निर्माण गरेको आधार कारण र आफ्नो हक पुग्ने कुराको तथ्ययुक्त सबुद प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिने हुँदा दाबीको घरहरू कि.नं. ६० मा रहेको र उक्त जग्गा वादीको पिताको नाममा दर्ता रहेकाले अन्य कसैले सो जग्गामा घर बनाएको भनी अदालतले अनुमान गर्न नसक्ने हुँदा वादी दाबीको घर प्रतिवादीहरूबाट खाली गराई दिनुपर्नेमा दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६६।१२।२२ को फैसला मिलेको नदेखिँदा उल्टी भै वादी दाबीको जग्गामा रहेका घरहरू वादीले प्रतिवादीहरूबाट खाली गराइपाउने ।

इजलास अधिकृत: ईश्वर पराजुली
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७१ साल माघ ६ गते रोज ३ शुभम् ।

१०

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-०००२, खुन डाँका र गौवध, *नेपाल सरकार वि. वकिल मिया मुसलमान*

वकिल मियाँ, समिम दर्जीसमेतका व्यक्तिहरू वारदात घटाउने डाँकाहरूमध्येका व्यक्तिहरू हुन् भनी घटनाका प्रत्यक्षदर्शी एवम् घाइतेमध्येका घनश्याम मुराउ तथा चिन्का मुराउले सनाखतसमेत गरिदिएको अवस्थामा यी प्रतिवादी वकिल मुसलमानले उक्त वारदातमा गोली हान्ने कार्यमा संलग्न रहेको भन्नेमा विवाद भएन । निजले प्रहार गरेको गालीबाट मृतक राजमानको मृत्यु भएको देखिँदा निजलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

प्रतिवादीउपर परेको किटानी जाहेरी दरखास्त, पक्राउ परेका प्रतिवादी गोली भन्ने जाकिर हुसेन मुसलमान र समिम दर्जी मुसलमानले अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबित रही निजलाई पोल गरेको अवस्था मौकाको कागज, शव परीक्षण प्रतिवेदनलगायतका अन्य प्रमाणबाट प्रतिवादी वकिल मियाँ मुसलमान डाँका वारदातमा संलग्न रहेको र निजले चलाएको बन्दुकको छर्रा लागी भएको चोटबाट राजमान मुराउको मृत्यु भएको भन्ने तथ्य पुष्टि भएको देखिँदा निज प्रतिवादी वकिल मियाँ मुसलमानलाई ज्यानसम्बन्धीको १३(३) नं. अनुसार जन्मकैद हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७१ साल मङ्सिर २६ गते रोज ६ शुभम् ।

इजलास नं. १

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७०-WH-००५३, बन्दीप्रत्यक्षीकरण, *रामकुमार विष्ट वि. कारागार कार्यालय, भीमफेदी, मकवानपुरसमेत*

कुनै कसुरदार ठहरेको व्यक्तिलाई प्रचलित कानूनबमोजिम मात्र सजाय हुने र सोही बमोजिमको सजाय असुल गर्न मिल्ने हुन्छ । अमेरिकी डलरमा भएको बिगोलाई तत्काल प्रचलित विनिमय दरअनुसार नेपाली रूपैयाँमा परिणत गर्दा हिसाबको भूल गरी कानूनबमोजिम हुने जरिवानाभन्दा बढी जरिवाना तोकी असुल गर्ने लगत राखेको कार्य कानूनको प्रतिकूल हुन्छ । अदालतबाट गणितीय हिसाब गर्दा त्रुटि गरी गणना गरेको र त्रुटिपूर्ण गणना वा हिसाबबाट कानूनले हुनेभन्दा बढी जरिवाना भएको जस्तो ठहराई सो बढी जरिवाना असूलउपर गर्न भनी यी निवेदकलाई कारागारमा थुनामा राखेको भन्ने स्पष्टरूपमा देखिन आउँछ। तसर्थ अदालतले गणितीय भूल गरी अमेरिकी डलरको अङ्कलाई नेपाली रूपैयाँमा परिणत गर्दा तत्काल प्रचलित दरअनुसार हुने अङ्कभन्दा बढी अङ्क कायम गरी जरिवाना गरेको र सो असुल गर्न भनी यी निवेदकलाई कारागारमा पठाएको काठमाडौं जिल्ला अदालतको मिति २०७०।११।२६ को पत्रलगायतको काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब निवेदकले विदेशी मुद्रा अपचलन गरेको ठहरेको ३५२ अमेरिकी डलरको तत्कालीन सटही दर रू. ५६।३० अनुसार हुन आउने रू. १९,८१७।६० को लगत कायम गरी सोहीबमोजिम उक्त रकम रिट निवेदकले तिरे बुझाएमा निजलाई थुनामुक्त गरिदिनु र नतिरे नबुझाए कानूनबमोजिम गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: ममता खनाल

इति संवत् २०७१ साल वैशाख १६ गते रोज ३ शुभम्।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CR-०४६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हैराम थारू चौधरी*

अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रतिवादीले सामान्य कुटपिटसम्म गरेको कुरा स्वीकार गरेको र निजको बयानबाट आफूले कुटपिट गरेका कारण नै निजको मृत्यु भएको भने पनि कुटपिट र त्यसको सान्दर्भिकता ज्यानसम्बन्धी महलको १४ नं. अनुरूपको भने नदेखिने।

मृतकको लासको स्थिति, प्रतिवादीले कुटपिट गरेको तथ्यसँग मेल खाने व्यवहार एवम् प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष व्यक्त गरेको तथ्यसमेतले प्रस्तुत वारदात कर्तव्यको नभै भवितव्यसम्मको स्थिति रहेको देखिन्छ। यसरी ज्यानसम्बन्धीको १४ नं. को अवस्था भन्ने नभै भवितव्य परेको मानी पुनरावेदन अदालत, दिपायलबाट भएको इन्साफमा परिवर्तन गर्नुपर्ने स्थितिसमेत नदेखिने।

वादी नेपाल सरकारले जिकिर लिएजस्तो प्रस्तुत वारदात ज्यानसम्बन्धीको महलको १४ नं. अन्तर्गतको हो भन्ने कुरा प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको कसुरको स्वीकारोक्तिबाहेक अन्य तथ्यबाट समेत समर्थन हुन सकेको छैन। नत सो सम्बन्धमा थप अनुसन्धान नै भएको अवस्था छ । शव परीक्षण प्रतिवेदनमा ह्युम पाइपले थिचेको हुनसक्नेसम्मको व्यहोरा उल्लेख भएको, ह्युम पाइपले थिची मरेको रहेछ र प्रतिवादीले सो थिचेको रहेनछ भने मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को अवस्था रहने कुरा पनि भएन। त्यस्तो परिस्थिति कसरी आयो भन्ने कुराको थप अनुसन्धानसमेत हुन नसकेको अवस्थामा त्यसको जिम्मेवार यी प्रतिवादीलाई बनाउनसमेत नमिल्ने हुँदा प्रस्तुत वारदातमा ज्यानसम्बन्धी महलको १४ नं. नभै ऐ.को ६(२) आकर्षित हुने देखिँदा सुरू कैलाली जिल्ला अदालतबाट यी प्रतिवादीलाई ज्यानसम्बन्धीको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ठहरी भएको फैसला केही उल्टी गरी निजलाई

ज्यानम्बन्धीको ६(२) बमोजिम दुई वर्ष कैद र रू. ५००।– जरिवाना हुने ठहरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६६।८।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल कात्तिक १८ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०४८५, ०६५४, जबर्जस्ती करणी, *नेपाल सरकार वि. लोकेन्द्र भन्ने लोकराज हमाल, लोकेन्द्र भन्ने लोकराज हमाल वि. नेपाल सरकार*

पीडितउपर भएको भनिएको जबर्जस्ती करणीसम्बन्धी वारदात निजले कल्पना नै गर्न नसक्ने एवम् उक्त कार्यको परिणाम नै थाहा नहुने अवस्थाकी यी पीडितले अकारण वा हुँदै नभएको कार्यलाई आफैँले बनावटीरूपमा बनाई वा कसैले निजलाई बहकाई भन्न लगाएको भनी अनुमान गर्न पनि नसकिने ।

अतिशय कलिलो उमेरकी पीडित नाबालिकाले निज लोकराज हमालले आफूलाई जबर्जस्ती करणी गरेको भनी नाम नै किटान गरी अदालतमा उपस्थित भै बकपत्रसमेत गरेका कारण प्रतिवादीले पीडितउपर करणी गर्ने मनसाय राखी निजको योनी चाट्ने, योनी वरपर उत्तेजित लिङ्ग खेलाउने एवम् वीर्य स्खलन गरी योनीमा खसाइदिने जस्ता कार्य गरेको तर करणी गर्न भनी नपाएको देखिएको र यस्तो कार्य मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ५ नं. विपरीतको कसुरसमेत भएको देखिन आउने हुँदा प्रतिवादी लोकराज हमालका हकमा सुरू सुर्खेत जिल्ला अदालतबाट सफाइ दिने ठहरी भएको फैसला उल्टी गरी जबर्जस्ती करणीको उद्योग गरेको ठहर्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६७।३।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकार र अभियोग दाबीबाट सफाई पाउनु पर्छ भन्ने प्रतिवादी लोकराज हमालको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल कात्तिक १८ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CR-०७२५, लागु औषध बिक्री वितरण, *नेपाल सरकार वि. पंकज सिंहसमेत*

प्रतिवादी तिलक प्रसाद अधिकारीको अदालतसमक्षको बयानमा पंकज सिंहको औषधी पसल रहेको, निजले सँगै घुम्न जाउँ भनेको कारण निजसँग आफूसमेत घुम्न गएको र सोही समयमा औषधी किन्न गएको भन्नेसमेत ब्यहोराबाट पनि त्यति परिमाणको उल्लिखित लागु औषध सेवनका लागि खरिद गरी ल्याएको होला भनी अनुमान गर्न मिल्दैन । आफ्नो औषधी पसलका लागि ल्याएको भन्ने निजको बयानबाट देखिएकाले सो लागु औषध बिक्रीको प्रयोजनको लागि नै ल्याएको हो भनी मान्नुपर्ने ।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) मा भएको कानूनी व्यवस्थासमेतलाई हेर्दा, ऐनको दफा १४(१)(ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई २ वर्षदेखि १० वर्षसम्म कैद र एकलाख रूपैयाँदेखि बीसलाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ । यी प्रतिवादीहरूका साथबाट बरामद भएको लागु औषधको परिमाण र निजहरूको व्यवहारसमेतबाट बरामद भएको लागु औषध सेवन गर्नकै लागि हो भन्न मिल्ने नदेखिँदा अभियोग दाबीबमोजिम सजाय गर्नुपर्नेमा सेवन तर्फको सजाय ठहर्याउने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६६।३।२८ मा भएको फैसला नमिलेकाले सो फैसला उल्टी भै प्रतिवादी पंकज सिंहलाई तथा अर्का प्रतिवादी तिलकप्रसाद अधिकारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३

को दफा १४(१)(झ) बमोजिम जनही २ वर्ष कैद र रू.१,००,०००।- (एकलाख) जरिवाना हुने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल कात्तिक १८ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०००३, जबर्जस्ती करणी, *नेपाल सरकार वि. सेतु भन्ने साबुद्विन मियाँ*

पीडित "सी" कुमारीले अदालतमा आई बयान गर्ने क्रममा निज प्रतिवादीले जबर्जस्ती करणी गरेको होइन भनी इन्कारी बयान दिएको भए तापनि स्वास्थ्य परीक्षण रिपोर्टले निज "सी" कुमारी र "डी" कुमारीको कन्याजाली च्यातिएको भन्ने देखिन्छ। यसरी पीडितहरू स्वयम्ले प्रतिवादी साबुद्विन मियाँले पटकपटक घरमा काम गर्न बोलाउने बहानामा डर त्रास देखाई मार्नेसम्मको धम्की दिई जबर्जस्ती करणी गर्ने गरेको भनी स्पष्टरूपमा लेखाई दिएको साथै प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र पीडितहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनले पनि सो कुरालाई समर्थन गरेको देखिएकोसमेतबाट प्रतिवादीले पीडित "सी" कुमारी र "डी" कुमारीउपर करणी गरेको स्पष्ट हुन आउने।

पीडितहरू "सी" कुमारी र "डी" कुमारीको हकमा यी प्रतिवादी साबुद्विन मियाँले जबर्जस्ती करणी गरेको ठहर्‍याई निजलाई ८ वर्ष कैद र पीडितहरूलाई प्रतिवादी साबुद्विन मियाँबाट जनही रू.१०/१० हजार क्षतिपूर्ति दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

जाहेरी दरखास्तको व्यहोरा र सोही जाहेरीलाई समर्थन गरी जाहेरवालाको अदालतसमक्ष भएको बकपत्र, पीडितको अनुसन्धान अधिकारी एवम् अदालतसमक्ष भएको एकै मिलानको तथा मौकामा भएको कागज व्यहोरा तथा बकपत्र, घटनास्थल मुचुल्कामा उल्लेख भएबमोजिम "ई" कुमारी लेखिएको किताब र कापीहरू साथै पीडितको स्कूल ड्रेस, झोला, निज पीडितकै नाम लेखिएको कपि घटनास्थलमा भेटिएबाट समेत तथा प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानले पीडित "ई" कुमारीलाई पनि यी प्रतिवादीले पीडितलाई आफ्नो कोठामा लगी जबर्जस्ती करणी गरेको भन्ने स्पष्ट हुन आउने।

प्रतिवादी साबुद्विन मियाँ वृद्ध अवस्थाका भएपनि आफ्नो घरका परिवारका सदस्यहरू काठमाडौंमै बसोबास गर्ने हुँदा आफू एक्लै कोठा लिई भाडामा बस्नु र काम गर्ने बहानामा स-साना बालिकाहरूलाई मात्रै कोठामा बोलाउनु र काम सकेपछि पनि उनीहरूलाई घर फर्किन नदिने गरेबाट यी प्रतिवादीले बालिकाहरूप्रति यौन आकांक्षा पूरा गर्ने मनसायसमेत राखी कलिलो उमेरका बालिकालाई घरायसी काममा लगाउने बहानामा निजहरूलाई अश्लिल दृश्यसहितका सामग्री देखाई उनीहरूलाई प्रलोभन, दबाबमा पारी करणी गर्ने मनसाय राखी सोहीअनुरूपको कार्य गरेको स्पष्ट देखिन आउँछ। घरायसी काममा लगाउने बहानामा आफ्नो यौन चाहना परिपूर्ति गर्नका लागि कलिलो उमेरका नाबालिकाहरूलाई घरमा बोलाई काममा लगाउने र सोही क्रममा निज नाबालिकाहरूउपर यौनजन्य क्रियाकलाप गरी यौन शोषण गर्ने गरेको तथ्य पीडितहरूको बयान तथा बकपत्रसमेतबाट पुष्टि भैरहेको यस्तो अवस्थामा निजले अभियोग दाबीअनुरूपको कसुर गरेको होइन होला भनी यी प्रतिवादीलाई सफाई दिन मिल्ने भएन। तसर्थ पीडित "ई" कुमारीलाई जबर्जस्ती करणी गरेको ठहर्‍याई क्षतिपूर्तिसमेत पीडितलाई भराउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

पीडितहरू "ए" कुमारी र "बी" कुमारीलाई प्रतिवादीले जबर्जस्ती करणी गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरू कहींकतैबाट पनि स्थापित हुन सकेको देखिँदैन। प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा अन्य पीडितलाई जबर्जस्ती

करणी गरेको स्वीकार गरेको देखिए तापनि यी "ए" कुमारी र "बी" कुमारी दुईको हकमा करणी गर्न खोजेको तर नगरिएको भनी बयान गरेको देखिँदा पीडितहरूको बयान तथा बकपत्रबाटै यी प्रतिवादीले निज "ए" कुमारी र "बी" कुमारीलाई पनि जबर्जस्ती करणी गरी अभियोग दाबी अनुरूपको कसुर गरेको भन्ने तथ्य स्थापित हुन सकेको नदेखिँदा निजहरूलाई प्रतिवादीले जबर्जस्ती करणी गरेको नठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने।

फौजदारी कसुरमा संलग्न हुने कसुरदारले एउटै व्यक्तिउपर एकै बखत विभिन्न प्रकारका कसुर गरेको खण्डमा सो प्रतिवादीउपर एउटै वारदातबाट सिर्जित परिणामलाई लिएर कसुरअनुसारको सजाय माग गरी एउटै मुद्दा चलाउन सक्ने भए पनि प्रस्तुत वारदात फरकफरक मितिमा भै फरकफरक नाबालिकाउपर जबर्जस्ती करणी भएको भनी स्वयम् अभियोजन गर्ने निकायले अभियोग दाबीमा माग गरेको देखिँदा अलगअलग रूपमा अभियोजन गरी मुद्दा दायर गर्नुपर्नेमा सो नगरी एउटै वारदात जस्तो रूपमा बुझी अभियोगपत्र दायर भएको देखिएको र यस्तो संवेदनशील विषयमा अभियोजनको जिम्मेवारी निर्वहन गर्ने निकायको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयले मातहतका कार्यालयलाई थप निर्देशन दिई अभियोजनको विषयलाई थप प्रभावकारी बनाउनुपर्ने हुँदा अब आइन्दा यस्तो प्रकारको त्रुटि हुन नदिन र अभियोजनको प्रभावकारितामा जोड दिन तालुक कार्यालयले विशेष ध्यान दिनु भनी महान्यायाधिवक्ताको कार्यालयका नाउँमा ध्यानाकर्षण गराउने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम, दीक्षा प्रधानाङ्ग
कम्प्युटर: मन्जिता ढुङ्गाना
इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०३८५, उत्प्रेषण/परमादेश, *लक्ष्मी शर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

ट्रेड युनियनका पदाधिकारीहरू पनि निजामती कर्मचारीहरूमध्येबाटै चयन हुने हुँदा निजहरूको हकमा पनि निजामती सेवासम्बन्धी ऐन, २०४९ र ऐ. को नियमावली, २०५० नै लागू हुने हो। ट्रेड युनियनका पदाधिकारीसमेत रहेका कर्मचारीहरूलाई निजहरूले काम गरिरहेको कार्यक्षेत्रभन्दा फरक स्थानमा सरूवा भयो भने निजहरूलाई कार्यालयको कामका साथै युनियनसमेतको काम गर्नलाई बाधा आउन सक्छ भन्ने कुरालाई मध्यनजर राखेर नै निजहरूको मागबेगर पदाधिकार रहेको कार्यक्षेत्रभन्दा फरक स्थानमा सरूवा नगर्ने भनी सम्बन्धित कानूनमा व्यवस्था गरिएको हो भनी बुझ्नुपर्ने हुन्छ। तर यस्तो व्यवस्थालाई गलत अर्थ लगाई ट्रेड युनियनका पदाधिकारीहरूलाई निजहरूले काम रहेको कार्यक्षेत्र अन्तर्गतमा निजहरूको इच्छाबेगर सरूवा नै गर्न नमिल्ने भनी अर्थ गर्न नमिल्ने।

ट्रेड युनियनको माग र प्रभावको कारण भनेर कानूनअनुरूप सरूवा भएका कर्मचारीहरूको सरूवा निर्णय बदर गर्न विपक्षीलाई कानूनले अधिकारसमेत दिदैन । यस्तो स्थितिमा रिट निवेदकहरूको सरूवा रद्द गर्नुलाई उचित र कानूनसम्मत मान्न मिल्दैन । कर्मचारी सरूवा गर्ने अख्तियारी भएको सामान्य प्रशासन मन्त्रालयले आफूले सम्बन्धित कानूनसमेतका आधारमा गरेको सरूवा निवेदकहरूलाई असर पर्ने गरी आफैँले रद्द गर्दा कानुनी त्रुटि हुनजान्छ भन्नेतर्फ सो मन्त्रालयले विचार गर्न सकेको देखिँदैन । ट्रेड युनियनको सन्दर्भ जोडेर कानूनसम्मतरूपमा भएको निवेदकहरूको सरूवालाई बदर गर्ने कार्यले प्रशासनिक सुशासनको अनुभूतिसमेत नदिने।

निजामती कर्मचारीहरूको सरूवा अनुमानयोग्य, न्यायपूर्ण, व्यवस्थित, पारदर्शी र प्रभावकारी नहुने हो भने कर्मचारीहरू कामप्रति उत्प्रेरित हुन नसकी निजहरूमा उदासीनता बढ्न जान्छ । यस किसिमको त्रुटिपूर्ण निर्णयबाट

सरकारी सेवा प्रवाहको गुणस्तरीयतामै असर पुग्न जान्छ । यसतर्फ सरोकारवाला सम्बन्धित निकायले संवेदनशील भई काम गर्नुपर्ने ।

ट्रेड युनियनसम्बन्धी व्यवस्था सरकारले गर्ने कानूनबमोजिमका काम कारवाहीमा अवरोध पुर्‍याउनको लागि भएको होइन। निजामती कर्मचारीको हकहित संरक्षण एवं संवर्द्धन गरी निजामती सेवालाई प्रभावकारी र गतिशील बनाउन नेपाल सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्नको लागि मात्र ट्रेड युनियनसम्बन्धी व्यवस्था कानूनमा भएको भनी मान्नुपर्ने हुन्छ । त्यसैले ट्रेड युनियनहरूले पनि निजामती सेवासम्बन्धी ऐन नियमअनुसार नै आफ्ना गतिविधिहरूलाई सञ्चालित गर्नुपर्ने हुन्छ। निजामती कर्मचारीको सरूवा कानूनले व्यवस्था गरेअनुसार नै हुने भएकाले त्यस्तो कुरामा ट्रेड युनियनको अनुचित हस्तक्षेप र दबाब स्वीकार्य हुन नसक्ने।

सामान्य प्रशासन मन्त्रालयबाट मिति २०६९।४।३२ मा निवेदकहरूलाई गरेको सरूवा निर्णय कानूनसम्मत नै देखिएकाले त्यस्तो निर्णयलाई प्रभावित गर्ने गरी भएको नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९।५।२८ को निर्णयलाई कानूनअनुरूपको मान्न नमिल्ने हुँदा सो निर्णयको आधारमा निवेदकहरूको सरूवा रद्द गरेको सो मन्त्रालयको मिति २०६९।६।२ को निर्णयमा कानुनी त्रुटि विद्यमान रहेको देखिन आएकाले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २० गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-WO-०४१६, उत्प्रेषण/परमादेश, *कुमारप्रसाद गौतम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०४२७, उत्प्रेषण/परमादेश, *सुरज श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०५५२, उत्प्रेषण/परमादेश, *दुर्गाप्रसाद दाहालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०७२६, उत्प्रेषण/परमादेश, *रामेश्वरलाल कर्ण वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०८२३, उत्प्रेषण/परमादेश, *खड्गबहादुर खड्कासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०९२३, उत्प्रेषण/परमादेश, *पूर्णबहादुर विष्ट वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-WO-११७३, उत्प्रेषण, *विरादत्त वड्ड वि. सुन्तली धामीसमेत*

रिट निवेदकहरू उपर मुद्दाको कारवाही चलाउने क्रममा निजहरूलाई प्रतिरक्षाको अधिकार प्रदान गरिनु पर्दछ । यस्तो प्रतिरक्षाको अधिकार सम्बन्धित पक्षको प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गत सुनुवाईको हकअन्तर्गत पर्दछ । सर्वोच्च अदालतको पूर्व निर्णयबाट मुद्दाको अभियोजन सम्बन्धमा निर्णय भएको र त्यसले अभियोजनको प्रक्रिया सुरू गराउने हुँदा निवेदकहरू मुद्दा चलेमा कानूनबमोजिम आफ्नो प्रतिरक्षा गर्न जो चाहिने उपचार खोज्न सक्तछन्। यस्तो अवस्थामा निवेदकको प्रतिरक्षा गर्ने अवसर गुमिसकेको अवस्था होइन । तसर्थ अभियोजन गर्ने अधिकारीले कानूनबमोजिम अभियोजन गर्न लगाउने प्रयोजनको लागि भएको आदेशबाट नै प्राकृतिक न्यायको सिद्धान्त उल्लङ्घन भयो भन्न नमिल्ने।

रिट अधिकारक्षेत्र अन्तर्गत यसै अदालतबाट एकपटक आदेश भई सो आदेश अन्तिम भएर रहिरहेको अवस्थामा हालसम्म त्यस्तो आदेशलाई चुनौती दिई अर्को रिट निवेदन दिन पाउने हक स्वीकार गरिएको छैन र त्यस्तो परम्परा स्थापित भएको अवस्था पनि

छैन । अन्तिम तहको न्यायिक निकायबाट निर्णय भै सो निर्णय अभिलेखको रूपमा रहेको अवस्थामा सोही विषयलाई उही निकायको समान तहको इजलासबाट त्यस्तो निर्णय बदर गर्न सक्ने अवस्था पनि रहन्न । यसरी एउटै विषयमा अन्तिम तहको न्यायिक निकायको समान तहको इजलासबाट बदर गर्दै जाने हो भने मुद्दा अन्तिम पनि कहिल्यै हुन नसक्ने हुन्छ । कानूनबमोजिम पुनरावलोकन गर्ने अवस्थामा बाहेक समान स्तरमा आफैँले आफैँलाई वा आफ्नो विरूद्ध आफैँले रिट जारी गर्ने अवस्था कतै पनि स्वीकार गरिएको नपाइने ।

प्रस्तुत निवेदनमा दाबी लिएको विषयका सन्दर्भमा यस अदालतको संयुक्त इजलासबाट मुद्दा चलाउने गरी निर्णय भएकोलाई पुनरावलोकन नगर्ने गरी टुङ्गो लागिसकेको देखिन्छ । सोउपर निवेदनको रोहमा यस इजलासबाट अन्यथा गर्न सकिने देखिन्न । निवेदकहरू उपर मुद्दा चलाउने आदेश हुनुपूर्व नै आफ्नो कुरा भन्ने मौका पाउनु पर्ने भन्ने हकमा अभियोजनपूर्व नै त्यस्तो अधिकारको दाबी गर्न सकिने सैद्धान्तिक आधारसमेत देखिँदैन । मुद्दा चलेपछि सोमा आफ्नो जो भएको सबुद खुलाई प्रतिवाद गर्न पाउने नै हुन्छ । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम आफ्नो प्रतिवाद गर्ने मौका नै प्राप्त नहुने अथवा गुमिसकेको भन्ने अवस्था छैन । त्यस्तोलाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत भनी पूर्ण इजलाससमेतको निष्कर्षबाट चलेको मुद्दाको निष्कर्षको रूपमा लिन मिल्दैन । मुद्दामा अभियोजन भन्नु र फैसला भन्नु फरक कुरा हो । फैसला हुँदा पुरा तवरले इन्साफ गर्न अदालत स्वतन्त्र रहन्छ र निवेदकले प्रतिवादीको हैसियतले आफ्नो सम्पूर्ण प्रतिवाद गर्न रोकेको देखिँदैन । तसर्थ निवेदकको मागबमोजिम गर्न मिल्ने नदेखिने ।

अभियोजनको जिम्मेवारी संविधानले महान्यायाधिवक्तालाई सुम्पेको र त्यसो गर्नु सामान्यतया उसको अन्तिम जिम्मेवारी भए पनि संविधान र कानूनबमोजिम गर्नुपर्ने अभियोजन नगरेको, भेदभावपूर्ण व्यवहार गरी न्यायको स्वच्छताको उल्लङ्घन भएको वा दण्डहीनताको पक्षपोषण भएको अभियोजनसम्बन्धी अधिकारको सदुपयोग नभएको भै पीडित वा पक्षले आफ्नो हक अधिकारको संरक्षण गर्न नपाएको भन्ने विश्वसनीय आधार भै न्यायिक पुनरावलोकनको रोहमा अभियोजनसम्बन्धी निर्णय उपर नै प्रश्न उठेमा अदालतले त्यसको पुनरावलोकन हुनै नसक्ने भन्न संविधानले अङ्गिकार गरेको न्यायिक पुनरावलोकनको सिद्धान्तले नमिल्ने ।

भैरहेको अभियोजनसम्बन्धी प्रणालीमा अभियोजन गर्नुपर्नेमा नगरेको भन्ने अवस्थामा सोउपर पीडितले उजुर गर्ने तह र प्रक्रिया किटान गरी त्यसको पर्याप्त सम्बोधन गर्ने भरपर्दो प्रणाली व्यवस्थित गरेको नहुँदा अन्तिम विकल्पको रूपमा न्यायिक पुनरावलोकनलाई ग्रहण गर्न नमिल्ने भन्न पनि नमिल्ने हुनालेसमेत यस अदालतको पूर्ण इजलासको मिति २०६९।१०।२६ को आदेशसँग असहमत हुन सक्ने अवस्था रहेन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम् ।

८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WH-००३४, बन्दीप्रत्यक्षीकरण, *चमेली लामा वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत*

वैदेशिक रोजगार न्यायाधीकरणको फैसलाले कैद सजाय ठहर गरेको प्रतिवादी रोहबरमा भए तत्काल पक्राउ गर्नुपर्ने, बेरूजु भए पुनरावेदनको म्यादसम्म पक्राउ गर्न नमिल्ने अर्थ गर्न मिल्दैन । यस्तो अर्थ गर्ने भए फरार वा गैरहाजिर हुनेको हकमा लाभदायक हुने र रोहबरमा रही छलफलमा भाग लिनेले नोक्सान दाबी हुने परिणाम निकाल्ने अर्थ हुनजान्छ त्यस्तो व्याख्या न्यायसङ्गत र विवेकसङ्गत हुँदैन । अत: माथि विवेचित आधार कारणबाट निवेदकको मागबमोजिमको

आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक १६ गते रोज १ शुभम्।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१०२८, रकम असुल निर्णय बदर, *अख्तियार दुरूपयोग अनुसन्धान आयोग वि. गोविन्दप्रसाद पन्तसमेत*

पुनरावेदक पक्ष रहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यी प्रत्यर्थीहरूसँग रकम असुल गराउन आदेश गर्दा कुन कानूनले बेरीत भएको र सो रकम प्रत्यर्थी पुनरावेदकहरूबाट फिर्ता गराउनु पर्ने भन्ने सो खुलाई आदेश दिएको पनि देखिँदैन। अर्थ मन्त्रालयको प्रतिक्रियाको भरमा नियमित वा अनियमित तवरबाट यी प्रत्यर्थीहरूले उक्त रकम भुक्तानी लिएको भन्ने कुरा अनुमान गर्न मिल्दैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ उल्लेख गर्दैमा कुनै रकम खर्च गरेको कुरा नियमित वा अनियमित भनी स्वतः स्पष्ट हुन नआउने।

अर्थ मन्त्रालयको प्रतिक्रियाको भरमा बिना कुनै कानूनी आधार एवम् रकम बुझ्ने प्रत्यर्थीहरूलाई यस सम्बन्धमा सुनुवाईको मौका नै प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीतसमेत हुने गरी भएको पुनरावेदक अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।९।२ को निर्णय गैरकानूनी एवम् बिना कानूनी आधार गरिएको भै सो निर्णय र निर्णयका आधारमा भएका पत्राचार एवं काम कारवाहीसमेत बदर हुने भएबाट पुनरावेदक अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको मिति २०६६।९।२ को निर्णयलगायतका सम्पूर्ण काम कारवाहीहरू बदर गर्ने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६८।७।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम्।

१०

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०९७७, १०४०, लागु औषध खैरो हेरोइन, *दीपक सापकोटा वि. नेपाल सरकार, कल्पना राई वि. नेपाल सरकार*

प्रतिवादी कल्पना राईले हाल लागु औषध सेवन नगरे पनि पहिला सेवन गर्ने कुरालाई स्वीकार गरेर अदालतमा बयान गरेबाट अवैध लागु औषधसँग निज अनभिज्ञ रहेको भन्ने देखिँदैन। हालको अवस्थामा आफूबाट लागु औषध सेवन हुने नगरेको भनी सेवनबाट आफूलाई अलग राखेपनि निजबाट बरामद भएको लागु औषधको सम्बन्धमा निजले सोलाई खण्डन गर्ने स्वतन्त्र र भरपर्दो प्रमाण पेस गर्न नसकेबाट निजको लागु औषधको अवैध कारोबारमा संलग्नता नरहेको भन्न नमिल्ने।

निजको अधिकार प्राप्त अधिकारसमक्षको साबितीलाई वस्तुस्थिति मुचुल्कालगायत बरामदी मुचुल्कामा रोहबरमा बस्ने प्रहरी कर्मचारीहरूको बकपत्रबाट पुष्टि भइरहेकोसमेतबाट निजले अभियोग दाबीबमोजिम कसुर गरेकै सिद्ध हुन आयो। त्यसैगरी प्रतिवादी दीपक सापकोटाले अदालतको इन्कारलाई स्वतन्त्र प्रमाणबाट पुष्टि गराउन नसकेको, निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई बरामदी मुचुल्कामा रोहवरमा बस्ने प्रहरीहरू कर्मचारीहरूले समर्थन हुने गरी बकपत्र गरेकोबाट निजसमेत अभियोग दाबीबमोजिमको कसुरमा संलग्न रहेको कुरा प्रमाणित भइरहेको देखिँदा प्रतिवादीहरू दुवैजनाउपरको कसुर शङ्कारहित तवरले पुष्टि भएको देखिन आउने।

लागु औषध जस्तो सङ्गठित अपराधको कोटिमा पर्ने अपराधको वारदात अन्य अपराध जस्तो

सहज र सरल तरिकाले घटाइएको हुँदैन । यस्तो अपराधको योजना नै बढी गोप्य र सतर्कतापूर्वक बनाइएको हुन्छ । कारोवारमा संलग्न हुनेहरू एकभन्दा बढी भए पनि सबैको साथबाट लागु औषध बरामद नभई कुनै व्यक्तिको साथबाट मात्र बरामद भएको हुन सक्छ । कुनै व्यक्तिको साथबाट लागु औषध बरामद नभए पनि त्यस्तो व्यक्तिको संलग्नता योजनाअनुसारको अन्य कार्यको सम्बन्धमा हुनसक्ने हुन्छ । सतर्कतापूर्वक आपराधिक कार्यलाई सम्पन्न गर्न लागु औषध खरिद गर्ने ग्राहकलाई प्रतिक्षा गर्ने, प्रहरीबाट पक्राउ नपरियोस् भनी होसियारी हुने वातावरण मिलाउनेसमेतको कार्यको जिम्मा लागु औषधको कारोवारमा संलग्न हुनेमध्ये कसैले लिने गरी अपराधलाई सम्पन्न गर्ने एउटै उद्देश्यमा सबैजना लागेको हुनसक्ने कुरालाई नकार्न सकिदैन । यसकारणबाट लागु औषध बरामद भएकी कल्पना राईसँगै पक्राउ परेका दीपक सापकोटाको साथबाट लागु औषध बरामद नभएको भए पनि निज कसुरमा असंलग्न रहेको भन्न नसकिने हुँदा निजको एवम् प्रतिवादी कल्पना राई दुवैको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी कल्पना राईको साथबाट लागु औषध बरामद भएको, बरामद लागु औषध परीक्षण गर्दा हेरोइन (डाईएसिटाइल मर्फिन) भन्ने स्पष्ट भएको, प्रतिवादी कल्पना राईसँगै प्रतिवादी दीपक सापकोटा पनि सँगै पक्राउ परेको, दुवैजना कसुर गरेको कुरामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा साबित रहेका, निजहरूको साबिती बरामदी मुचुल्काका साथै बरामदी मुचुल्कामा रोहवरमा बस्ने प्रहरी कर्मचारीहरूले अदालतमा आई बकपत्र गरी दिएकोबाट समर्थन भएको, प्रतिवादीहरूले अदालतको इन्कारी स्वतन्त्र र विश्वासिलो प्रमाण प्रस्तुत गरी समर्थन गर्न नसकेकोसमेतका माथि विवेचित आधार एवम् कारणबाट प्रतिवादीहरूले अभियोग दाबीको कसुर गरेकै देखिएबाट निजहरू दुवैजनाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू कल्पना राई र दीपक सापकोटालाई लागु औषध (नियन्त्रण ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) बमोजिमको कसुर अपराधमा ऐ.ऐनको दफा १४(१)(छ)(२) बमोजिम जनही कैद वर्ष १०(दश) र ७५,०००।- (पचहत्तर हजार रूपैयाँ) र जरिवाना गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।०६।०२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू दुवैजनाको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर ८ गते रोज २ शुभम् ।

११

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-११२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुमन कार्की*

प्रतिवादीउपर जाहेरी पर्दा वारदातका दिन निज सुमन कार्कीसँगै साथमा रहेको र निजले नै आशा जि.सी. बिरामी परेको खबर गरेकोसमेतका परिस्थितिजन्य कुरालाई आधार मानी वारदातको दिन आशा जि.सी. लाई विषादी मिसाई खाना खुवाएको एवं निज आशा जि.सी. सँग निजको प्रेम सम्बन्ध भएकोसमेतले पुष्ट्याइँ गर्न खोजी अभियोग दायर भएको छ । तर जाहेरवालासमेतले अदालतमा आई बकपत्र गर्दा विष खुवाएको आफूले देखेको भनी भन्न सकेको देखिन्न । मौकामा कागज गर्ने मम पसलको सञ्चालकको मौकाको कागजमा समेत आशा जि.सी. र सुमन कार्की नजिकैको टेबुलमा बसी मम खाएको र ३.०० बजेतिर निस्कँदा केही नभएको भनी उल्लेख गरेकी छन् । सोही अवस्थामा खाद्य पदार्थमा विषादी मिसाई खुवाएको भए आशा जि.सी.बाट कुनै प्रतिवाद हुन सक्ने अवस्था रहने र मम पसलका अन्य ग्राहकले समेत सो सम्बन्धमा चाल पाउन सक्ने अवस्था रहन्छ । प्रतिवादीले नै विषादी कहाँबाट खरिद गरेको भन्ने पनि कतैबाट खुलेको छैन । तसर्थ प्रेम सम्बन्ध भएकै कारण निजलाई पन्छाउने मनसाय राखी प्रतिवादीले आशा जि.सी. लाई खाद्य पदार्थमा विषादी

राखी खुवाई कर्तव्य गरी मारेको होलान् भनी अनुमान गरी निजलाई अभियोग दाबीबमोजिम सजाय गर्नु न्यायोचितसमेत नहुने।

प्रतिवादी सुमन कार्कीले विष खुवाई आशा जि.सी. को मृत्यु भएको भन्ने तथ्य प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादी सुमन कार्कीलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याई भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।७।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम्।

१२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०८७६, कर्तव्य ज्यान, *प्रकाश चौधरीसमेत वि. नेपाल सरकार*

कानूनको बारेमा भएको अनभिज्ञता क्षम्य नहुने कानूनको सामान्य सिद्धान्त हो । त्यसै गरी फौजदारी कानूनले नै कानूनबमोजिम गर्न हुने र गर्न नहुने कार्यको सीमा निर्धारणसमेत गरेको हुन्छ । फौजदारी कानूनले निषेध गरेको कार्य नै अपराध हो र त्यस्तो अपराध गरेबापत वा अपराधमा संलग्न भएबापत कसुर वा अपराध गर्ने, त्यसमा संलग्न हुने वा कसुर वा अपराध गर्न मद्दत गर्ने, दुरूत्साहन गर्ने वा अह्राउनेसमेत सबैलाई कसुर वा अपराधको संलग्नताका आधारमा सजाय निर्धारण गरेको हुन्छ । यसरी फौजदारी कानूनले नै निषेध गरेको कार्य गर्ने जोकोहीले प्रचलित कानूनले तोकेको सजायको भागिदार बन्नैपर्ने हुन्छ । कानूनको बारेमा आफू जानकार नरहेको एवं अमुक कसुर वा अपराध गरेबापत हुने सजाय वा परिणामको बारेमा आफूलाई थाहा वा जानकारी नभएको भनी कसैले जिकिर लिँदैमा कानूनले नै परिभाषित गरेको कसुर र निर्धारण गरेको सजायको सम्बन्धमा अन्यथा हुन नसक्ने।

ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम प्रतिवादी प्रकाश चौधरीलाई सर्वस्वसहित जन्मकैद र प्रतिवादी राजु चौधरीलाई जन्म कैदको सजाय गरी थप ६ महिना कैद र चोरीको बिगो जाहेरवालालाई भराई निज प्रतिवादीहरूलाई जनही रू. २८००।– जरिवाना ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६७।८।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-०११३, उत्प्रेषण, *रामप्रसाद सापकोटा वि. विद्यालय शिक्षक किताबखाना, छाउनीमार्ग, काठमाडौंसमेत*

६० वर्ष पूरा भई अवकाश भएको निवेदकलाई इ.सं. लाई वि.सं. मा रूपान्तर गर्दा फरकफरक मिति उल्लेख भए तापनि निज विद्यालयमा रही काम गरेको समयसम्मको तलब भत्ता भुक्तानी पाइसकेको स्थितिमा निजले बढी अवधि काम गरी पाएको भनिएको रकम अवकाशपश्चात् उपदानको किटानी रकमबाट कट्टा गर्ने गरी भएको आदेश नै प्रस्तुत विषयको मूल विवेचित प्रश्न देखिँदा शिक्षा नियमावली, २०५९ को छैठौं संशोधनपूर्वको व्यवस्थाले पनि ६० वर्ष पूरा भएपछि अवकाश दिने व्यवस्था गरेकै हुँदा वर्तमान व्यवस्था नै निवेदकको अवकाशको बाधक रहेको भनी अर्थ गर्न नमिल्ने।

शिक्षक कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक राख्नुपर्ने दायित्व भएको विद्यालय

शिक्षक किताबखानाले निवेदकलाई अवकाश हुने मितिको पूर्व जानकारी गराएको स्पष्ट आधार खुलाउन सकेको देखिँदैन । साथै निज कार्यरत् विद्यालय र सोको नियमनकारी निकाय जिल्ला शिक्षा कार्यालय, पाँचथरसमेतले निवेदकले उल्लेख गरेको अवकाश मितिकै आधारमा अनिवार्य अवकाश दिई निजले पाउने सुविधाको निमित्त सिफारिस गरेको देखिँदा बढी अवधि काम गरेकै भन्ने आधारमा पछि आएर निर्णय गरी औषधोपचार रकमबाट रू. १,२३,६३४।– कट्टा गर्नु न्यायोचित देखिन नआउने।

ऐन र नियममा भएको कुनै पनि व्यवस्थाहरू निरपेक्ष रूपमा प्रयोग भएका हुन्छन् । समयमै पूर्व जानकारी नगराई अवकाश नदिई निरन्तर काममा लगाई सेवा लिइरहेको विद्यालयले सेवा गरेबापत निजलाई उपलब्ध गराएको तलब भत्ता फिर्ता गर्नु वा कट्टा गर्नु भन्ने निर्णय काम गरेबापत उचित ज्याला पाउने भन्ने श्रमसम्बन्धी विधिशास्त्रीय अवधारणाको विपरीतसमेत हुने देखिने।

निवेदकलाई निजको अवकाश हुने मितिको पूर्व जानकारी गराउने दायित्वबाट विपक्षी किताबखानासमेतबाट भएको कमजोरी वा भूलको प्रतिफल यी निवेदकले व्यहोर्नुपर्छ भन्नु कानून र न्यायका मान्य सिद्धान्तविपरीत हुने देखिने।

निवेदक शिक्षक पदमा मिति २०६५।११।३० सम्म कार्यरत रहेको, शिक्षक किताबखानाले अवकाश मितिको पूर्व जानकारी नगराएको साथै निज कार्यरत विद्यालय र सोको नियमनकारी निकाय जिल्ला शिक्षा कार्यालय, पाँचथरसमेतले उल्लेख गरेको अवकाश मितिको आधारमा निवेदकले आफ्नो अवकाश मिति २०६५।१२।१ उल्लेख गरेको देखिएको कारणसमेत तथा कानूनी व्यवस्थाको विवेचना र प्रतिपादित सिद्धान्तसमेतबाट नियमितरूपमा श्री सिद्धेश्वर प्रा. वि. यासोक पाँचथरमा उपस्थित भई सेवा गरी कानूनबमोजिम प्राप्त गरेको तलब भत्ताको रकम अवकाशपश्चात् पाउने सुविधाको अधिकारपत्र बनाउने सिलसिलामा फिर्ता गर्न निवेदकको औषधि उपचारको रकमबाट कट्टा गर्नु भनी विपक्षी विद्यालय शिक्षक किताबखानाले मिति २०६६/१०/११ मा गरेको निर्णय र सो निर्णयका आधारमा जिल्ला शिक्षा कार्यालय, पाँचथरलाई लेखेको पत्रसमेत सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । सो ठहर्नाले समेत मिति २०६५/११/३० सम्म निवेदकले प्राप्त गरेको तलब भत्ता निजले पाउने औषधि उपचार खर्च रकमबाट कट्टा नगरी निवेदकलाई दिलाइदिनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: शान्तिप्रसाद आचार्य

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल असार २२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-०३२५, उत्प्रेषण, *मयाराम पोखरेल वि. निजामती किताबखाना, हरिहरभवन, ललितपुरसमेत*

कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक राख्नु पर्ने दायित्व भएको निजामती किताबखानाले निवेदकलाई अवकाश हुने मितिको पूर्व जानकारी गराएको स्पष्ट आधार खुलाउन सकेको देखिँदैन। साथै निज कार्यरत कार्यालयसमेतले निवेदकले उल्लेख गरेको अवकाश मितिकै आधारमा अनिवार्य अवकाश दिई निजले पाउने सुविधाको निमित्त सिफारिस गरेको देखिँदा बढी अवधि काम गरेकै भन्ने आधारमा पछि आएर निर्णय गरी मासिक निवृत्तिभरणको रकम कट्टा गर्नु न्यायोचित नदेखिने।

ऐन र नियममा भएको कुनै पनि व्यवस्थाहरू निरपेक्ष नभई सापेक्षरूपमा प्रयोग भएका हुन्छन् । समयमै पूर्व जानकारी नगराई अवकाश नदिई निरन्तर काममा लगाई सेवा गरेबापत निजलाई उपलब्ध गराएको तलब भत्ता फिर्ता गर्नु वा कट्टा गर्नु भन्ने निर्णय काम गरेबापत उचित ज्याला पाउने भन्ने श्रमसम्बन्धी विधिशास्त्रीय अवधारणाको विपरीतसमेत हुने देखिन्छ। यस स्थितिमा निवेदकलाई निजको अवकाश हुने मितिको पूर्व जानकारी गराउने दायित्वबाट विपक्षी

किताबखानासमेतबाट भएको कमजोरी वा भूलको प्रतिफल यी निवेदकले व्यहोर्नु पर्छ भन्नु कानून र न्यायका मान्य सिद्धान्तविपरीत हुने देखिन्छ । निजामती किताबखानाले निवेदक मयाराम पोखरेललाई निजले अवकाश पाउनुपर्ने मिति २०६७।१।८ देखि २०६८/३।१७ सम्मको अवधिसम्म काम गरेबापत लिएको तलब भत्तासमेत रू. २,५१,८३०।०६ निजले अवकाशपश्चात् पाउने मासिक निवृत्तिभरणको रकमबाट कट्टा गर्नु भनी भएको उक्त किताबखानाको मिति २०६८।५।२७ को निर्णय कानूनसङ्गत मान्न नमिल्ने ।

निवेदक हुलाकी पदमा २०६८।३।१७ सम्म कार्यरत रहेको, निजामती किताबखानाले मिति २०६७।१।८ देखि अवकाश हुने भन्ने मितिको पूर्वजानकारी गराएको नदेखिएको साथै निज कार्यरत कालिकोट जिल्ला हुलाक कार्यालयले २०६८।३।१२ को पत्रले २०६७।१।८ देखि नै अवकाश दिएको जानकारी निवेदकले २०६८।३।१७ मा मात्र पाएकोसमेत देखिएको आधार कारण र कानूनी व्यवस्थाको विवेचनासमेतबाट नियमितरूपमा उपस्थित भई सेवा गरी कानूनबमोजिम प्राप्त गरेको तलब भत्ताको रकम अवकाशपश्चात् पाउने सुविधाको अधिकारपत्र बनाउने सिलसिलामा निवेदकको निवृत्तिभरणको रकमबाट कट्टा गर्ने गरी निजामती किताबखानाले मिति २०६८।५।२७ मा गरेको निर्णय र सो निर्णयका आधारमा कौशी तोषाखानासमेतलाई लेखेको पत्रसमेत सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । सो ठहर्नालेसमेत मिति २०६८।३।१७ सम्म निवेदकले प्राप्त गर्ने तलब भत्ता निजले पाउने मासिक निवृत्तिभरणको रकमबाट कट्टा नगरी निवेदकलाई दिलाई दिनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: शान्तिप्रसाद आचार्य

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल असार २२ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०५१६, जबर्जस्ती करणी, *नेपाल सरकार वि. गंगबहादुर भन्ने प्रदीप शाही*

प्रस्तुत मुद्दामा वादी पक्षबाट अभियोग दाबीबमोजिमको कसुर वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनुपर्नेमा सो भएको तथ्य मिसिलसमेतबाट देखिन आएन । शङ्कारहित तवरबाट अभियोग पुष्टि भएको नदेखिँदा सोको सुविधा अभियुक्तहरूले पाउने हुँदा प्रत्यर्थी प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरदार ठहर गरी सुरू अदालतबाट भएको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादी गंगबहादुर भन्ने प्रदीप शाहीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६७।३।२८ मा भएको इन्साफ मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर**:** गंगा के.सी.

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-१०६१, मोही लगत कट्टा, *लक्ष्मीकुमारी ढकाल वि. चुण्डा सोरेन सतार*

मोहीको लगत राख्ने आधिकारिक निकाय भूमिसुधार कार्यालय नै हो । भूमिसुधार कार्यालयमा पुनरावेदक प्रतिवादीको बाबु सुफल सतार मोही रहेको देखिएपछि वादीले पछिबाट खरिद गरी लिएको राजीनामा तथा सोही राजीनामाको आधारमा मालपोत कार्यालयले दिएको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपिबाट विवादित जग्गामा मोही नदेखिनुले दर्तावाला मोहीको मोहीयानी हकमा तात्त्विक असर

पर्ने पनि होइन र मोही नदेखिँदैमा विवादित जग्गामा मोही थिएन भन्न मिल्ने नदेखिने।

मोहीको लगत सम्बन्धमा भूमिसुधार कार्यालयमा रहेको कागजात नै प्रामाणिक भएकाले प्रमाण योग्य पनि मान्नुपर्ने हुन्छ । भूमिसुधार कार्यालयमा रहेको तथ्यगत प्रमाणको विरूद्ध अन्यत्र खडा भएको कागजातहरू मोहीको लगत सम्बन्धमा प्रमाण योग्य मान्न मिल्ने पनि होइन। मोहीको लगत सम्बन्धमा वादी पक्षले आधिकारिक निकायबाहेक अन्य कार्यालयबाट प्राप्त गरेको कागजातमा मोही उल्लेख नहुँदैमा भूमिसुधार कार्यालयमा रहेको तथ्यगत प्रमाणको विपरीत प्रतिवादीका बाबु सुफल सतार मोही हुँदै होइन भन्न सकिने अवस्था देखिन नआउने।

भूमिसुधार कार्यालयले मिति २०६९।५।१६ मा गरेको सर्जमिन मुचुल्काबाट निवेदक वादीले जग्गा कमाएको देखिन्छ तापनि सो सर्जमिन मुचुल्का गर्नुभन्दा अघि यत्तिका वर्षसम्म मोहीले जग्गा नकमाएको भए यी वादी लक्ष्मीकुमारी ढकालले सोही बखत मोहीको लगत कट्टा गराई माग्न भूमिसुधार कार्यालय जानुपर्ने थियो। त्यसरी गएको पनि पाइएन। पुनरावेदक वादीले २०३७ सालमा जग्गा राजिनामा गरी लिएको देखिन्छ भने मोही लगत कट्टा गरिपाउँ भनी हाल २०६९ सालमा आएर मात्र निजले भूमिसुधार कार्यालयमा दरखास्त गरेको देखिँदा पुनरावेदक वादीको दाबी विश्वासयोग्य देखिन नआउने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९ बमोजिम मोहीले तोकिएको कुत नबुझाए मोहियानी हक समाप्त हुन सक्ने देखिन्छ। तर यी निवेदक वादी लक्ष्मीकुमारी ढकालले तोकिएको कूत नबुझाएतर्फ छुट्टै उजुर गरेको पनि नदेखिएको एवम् मोहीको लगत कट्टा गराई माग्न भूमिसुधार कार्यालयमा दरखास्त गर्दासमेत सो कुराको जिकिर लिन सकेको नदेखिँदा प्रतिवादीको मोहीयानी हक समाप्त भएको मान्न नमिल्ने।

मोहीलाई मोहीयानी हकको सट्टामा कमाएको आधा जग्गामा स्वामित्वको अधिकार नै दिएको अवस्था छ। भूमिसम्बन्धी ऐनको दफा २६(१)(ग) को कानूनी व्यवस्था अनुसार मोहीले जग्गा छोडी भागेको वा बेपत्ता भएको वा तोकिएको कूत नबुझाई मोहीयानी हक समाप्त भएको कुराको जानकारी जग्गावालाले तोकिएको अधिकारीलाई लिखित सूचना दिएको आधारबाट मोहीको लगत कट्टागर्ने साबिक व्यवस्था हो । तर भूमिसम्बन्धी ऐनको २०५३ र २०५८ सालमा दफा २६ख, २६घ र २६घ२ मा भएको चौथो संशोधनद्वारा थप तथा पाँचौं संशोधनद्वारा थप व्यवस्थाले जग्गाको मोहीलाई मोहीयानी हकको सट्टामा कमाएको आधा जग्गाको स्वामित्व नै प्रदान गरी आधा जग्गा बाँडफाँड गरेर लिनुपर्ने कानूनी व्यवस्था प्रदान गरेकाले जग्गा कमाउनु वा नकमाउनुसँग सरोकार हुने नदेखिने।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: गंगा के.सी.
इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-CI-०८२६, बिमा दाबी, *डा. शिवहरि श्रेष्ठ वि. छोटेलाल दास*

Surveyor को बिमा समितिमा परेको प्रतिवेदन एवम् उजुरी दाबीसमेतबाट दुर्घटना भएका ट्याङ्करका तीनवटा च्याम्बरमध्ये बीचको २ नं. को च्याम्बरको तल्लो भागमा प्वाल परी सोही प्वालबाट डिजेल चुहिएको र सो च्याम्बरको क्षमता चार हजार लिटरसम्मको भएकाले सोहीमुताबिक अधिकतम डिजेल क्षति चार हजार लिटर कायम गरी सोही परिमाणको डिजेलको दायित्व निर्धारण गरी हुन आउने रकम प्रतिवादीले भुक्तानी दिएको तथ्य पुष्टि हुन आउने।

बिमालेख Inland Transit Risk Clause (B) को जोखिम बहन गर्ने गरी जारी भएको अवस्थामा दुर्घटनाको सर्भे प्रतिवेदनमा Leakage/ spillage of disel from the middle chamber which is due to accident and remaining diesel was looted by local people भन्ने व्यहोरालाई निवेदकले स्वीकार गरेको र यसरी लुटेर लगेको क्षति

विरूद्ध बिमा रक्षावरण भएको नदेखिँदा बिमकले गरेको दायित्व निर्धारणलाई अन्यथा भन्न सकिने अवस्था देखिन नआउने।

दुर्घटनाबाट हुनसक्ने क्षति विरूद्ध बिमा रक्षावरण भएको, लुटेर लगेको क्षति विरूद्ध रक्षावरण नभएको देखिँदा बिमक राष्ट्रिय बिमा संस्थानले निर्धारण गरेको दायित्वलाई अन्यथा भन्न मिल्ने देखिन नआएकाले बिमा ऐन, २०४९ को दफा ८(घ१) एवं दफा १७(४) बमोजिम निवेदन खारेज हुने ठहर गरी बिमा समितबाट मिति २०६३।६।२६ मा भएको निर्णय उल्टी गरी वादी दाबीबमोजिमको रकम पुनरावेदक प्रतिवादी राष्ट्रिय बिमा संस्थानबाट प्रत्यर्थी वादीलाई भराइदिने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।५।१७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: रमेश रिजाल
कम्प्युटर: गंगा के.सी.
इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-१०८५, जग्गा खिचोला, *अजैपाल बमसमेत वि. अम्बरबहादुर बमसमेत*

वादीहरू अम्बरबहादुर बम र हस्तबहादुर बमसमेतको नाउँमा दर्ता कायम रहेका विवादका जग्गाहरू प्रतिवादीहरू अजैपाल बम र कर बमसमेतले भोग चलन गरेको कार्य कानूनप्रतिकूल रहेको देखिन आएबाट वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू कालिकोट जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू अजैयपाल बम र कर बमले वादी दाबीबमोजिम वादी दाबीको जग्गाहरू खिचोला गरेको ठहर गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०६७।५।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने। इजलास अधिकृत: रमेश रिजाल
कम्प्युटर : गंगा के.सी.
इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०७५७, करारीय दायित्वबाट मुक्त गरी क्षतिपूर्ति दिलाई पाउँ, *उज्वोल अनुप लामा वि. जिल्ला विकास समितिको कार्यालय, तनहुँ*

करारनामाले पक्षहरूको बीचमा दायित्वसमेत सिर्जना गर्दछ, जुन दायित्व पक्षहरूले अनिवार्यरूपमा पालना गर्नुपर्ने हुन्छ । करारनामाको सर्त पालना नगरेको कारणले कुनै पक्षलाई क्षति पुग्न गएमा सोको पूर्ति गर्ने दायित्व सो सर्त उलङ्घन गर्ने पक्षको हुन्छ। समान्यत: करारको सर्त उलङ्घन गर्ने पक्षले दायित्व वा क्षतिपूर्ति नगरेसम्म उपचारको बहानामा अदालतमा प्रवेश गर्न पाउने अवस्था नहुँदा मिति २०६०।२।१४ को प्रतिवादीको ठेक्का तोड्ने निर्णयलाई वादीले स्वीकार गरी बसेको र त्यसको विपरीत क्षतिपूर्ति पाउँ भन्ने दाबी रहेकामा तनहुँ जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने भनी ठहरी भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालतबाट मिति २०६६।६।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रमेश रिजाल
कम्प्युटर: गंगा के.सी.
इति संवत् २०७१ साल मङ्सिर गते २२ रोज २ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०२४६, कित्ताकाट दा.खा. दर्ता बदर र दर्ता, *शङ्कर सुनार वि. मोहन वि.क. सुनार*

न्याय प्रशासन ऐन २०४८ को दफा ९(१) खण्ड (ग) को व्यवस्थाअनुसार सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णय वा फैसलाउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा सुरू निर्णय वा फैसला केही वा पूरै उल्टी भएको मुद्दामा यस अदालतमा पुनरावेदन लाग्ने अवस्था देखिन्छ। उक्त व्यवस्थाअनुसार पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्नको लागि सुरू अदालत वा निकाय र पुनरावेदन अदालतको फैसलामा शाब्दिक

फरक मात्र नभई सारभूत भिन्नता हुनु आवश्यक हुने। उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त, तथ्य एवं विवेचनासमेतको आधारमा सुरू अदालत र पुनरावेदन अदालतको फैसलामा सारभूत भिन्नता नभएको अवस्थामा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्थाको अभाव रहेकाले प्रस्तुत मुद्दाको पुनरावेदन यस अदालतमा लाग्ने क्षेत्राधिकारको अभाव रहेको देखिँदा पुनरावेदन पत्रबाट पुनरावेदन सुनी तथ्यभित्र प्रवेश गरी निर्णय गर्न मिल्ने देखिन नआएकाले प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल मङसिर २२ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०७३०, हक कायम जग्गा खिचोला घर उठाई चलन, *टेकामाया श्रेष्ठ वि. ओमप्रकाश न्यौपाने*

प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ग) सँग मात्रै सम्बन्धित रहेको देखिन्छ। उक्त व्यवस्थाअनुसार तीन वर्ष वा सोभन्दा बढी कैद सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णय वा फैसलाउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा सुरु निर्णय वा फैसला केही वा पूरै उल्टी भएको मुद्दामा मात्रै यस अदालतमा पुनरावेदन लाग्ने अवस्था रहेको देखिन आउने।

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) खण्ड (ग) को व्यवस्थाअनुसार सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णय वा फैसलाउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा सुरू निर्णय वा फैसला केही वा पूरै उल्टी भएको मुद्दामा ऐनमा भएको व्यवस्थाबमोजिमको कैद, जरिवाना वा बिगो नखुलेको वा ऐनको व्यवस्थाबमोजिम बिगो भएको मुद्दामा मात्र यस अदालतमा पुनरावेदन लाग्ने अवस्था देखिन्छ। उक्त व्यवस्थाअनुसार पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्नको लागि सुरू अदालत वा निकाय र पुनरावेदन अदालतको फैसलामा शाब्दिक फरक मात्र नभई सारभूत भिन्नता हुनु आवश्यक हुने।

प्रस्तुत मुद्दाको पुनरावेदन यस अदालतमा लाग्ने क्षेत्राधिकारको अभाव रहेको देखिँदा पुनरावेदनपत्रबाट पुनरावेदन सुनी तथ्यभित्र प्रवेश गरी निर्णय गर्न मिल्ने देखिन नआएकाले पुनरावेदन खारेज हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०६७-CI-०६६८, हक कायम जग्गा खिचोला घर उठाई फैसला बदर चलन, *टेकामायाँ श्रेष्ठ वि. खिममायाँ सुवेदी* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-१२५१, ०६८-CR-०२८९, ०३२२, ०३२३, लागु औषध सेतो हेरोइन, *नेपाल सरकार वि. तुलाराम खवाससमेत, राजेशकुमार मिश्र वि. नेपाल सरकार, रिकु भन्ने अभिमन्यु गुप्ता वि.नेपाल सरकार, तुलाराम खवास वि. नेपाल सरकार*

मुद्दाका यी प्रतिवादीहरूलाई सुरू जिल्ला अदालतले अधिकतम सजाय गरेकामा पुनरावेदन अदालतले फैसला गर्दा सुरूले अधिकतम सजाय गर्दा कारण उल्लेख नगरेको भनी सोलाई घटाई न्यूनतम् सजाय गरेको देखिन्छ । तर पुनरावेदन अदालतले पनि त्यसरी न्यूनतम सजाय गर्दा आफ्नो ठहरमा कुनै

आधार कारण उल्लेख गरेको नदेखिने।

लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(३) र दफा १७क को अधीनमा रही यी प्रतिवादीहरूलाई बरामदी वस्तुको मात्रासमेतका आधारमा न्यूनतम र अधिकतम सजायको लगभग बीचको ८$\frac{1}{2}$ (साढे आठ) वर्ष कैद र रू. ५ (पाँच) लाख जरिवाना गर्नु उपयुक्त हुने देखिन आउने।

यी पुनरावेदक प्रतिवादीहरू रिंकु भन्ने अभिमन्यु गुप्ता, तुलाराम खवास र राजेशकुमार मिश्रले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १७क बमोजिमको कसुर अपराध गरेको कुरा पुष्टि हुन आएकाले यी सबै प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम जनही १०(दश) वर्ष कैद र रू. १२ लाख जरिवाना हुने ठहर्‍याएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६७।६।१७ को फैसला केही उल्टी गरी निजहरूलाई जनही ७$\frac{1}{2}$ (साढे सात) वर्ष कैद र रू. २ लाख ५० हजार जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।१२।२४ को फैसला प्रतिवादीहरूले गरेको कसुरको मात्राअनुसार मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भै निज प्रतिवादीहरू रिंकु भन्ने अभिमन्यु गुप्ता, तुलाराम खवास र राजेशकुमार मिश्रलाई जनाही ८$\frac{1}{2}$ (साढे आठ) वर्ष कैद र रू. ५ (पाँच) लाख जरिवाना हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको प्रतिवादीहरूलाई अधिकतम सजाय हुनुपर्छ भन्ने र पुनरावेदक प्रतिवादीहरूको सफाइ पाउनु पर्दछ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-००२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पर्शुराम मण्डल धानुक*

प्रतिवादी मीना भन्ने उमेश मण्डल र मृतक श्रीमतीबीच पहिलेदेखि राम्रो सम्बन्ध नभएको, निज प्रतिवादीले पहिले पनि कुटपिट गरेका कारण मृतक माइतीमा गई बसेकी मृतकले बच्चा नजन्माएको रिस पनि प्रतिवादी उमेशले लिएको, गाउँघरमा पञ्चायत बसी लोग्ने स्वास्नीबीच छलफल गराई सम्झाई घर पठाउने गरेका जस्ता परिस्थितिजन्य प्रमाणहरू कसुरदार ठहर भएको मृतक शिव कुमारीका पति मीना भन्ने उमेश मण्डलका हकमा न्यायको रोहमा आकर्षित हुनसक्ने देखिए पनि यी प्रतिवादी पर्शुराम मण्डलका विरूद्धमा देखाइएका सबै प्रमाण अनुमान र शङ्काको घेरामा मात्र रहेको पाइन्छ। शङ्का र अनुमानकै आधारमा ज्यानजस्तो गम्भीर तथा सङ्गीन अपराधमा यी प्रतिवादी पर्शुराम मण्डल धानुकलाई दोषी ठहर गर्न मनासिब र न्यायोचित नहुने हुँदा प्रतिवादी पर्शुराम मण्डल धानुकले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।३।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-००२७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. अविशेष श्रेष्ठसमेत*

कुटपिटको वारदातमा प्रतिवादीहरूबाट कुटपिट गर्न बचन दिने, मतलबमा पस्ने र मद्दत गर्ने जस्ता मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. समेतमा व्यवस्थित कानूनी सर्त एबं बन्देजहरूको उलङ्घन गरेको देखिएको छैन। समग्र मिसिल संलग्न तथ्यबाट यी प्रतिवादीहरूले पीडित इच्छेकुमार गुरूङलाई कुटपिटजन्य कार्य गरी ज्यान मार्ने उद्योगको कसुर गरेको शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको र पीडितमाथि कुटपिटको वारदात हुँदाका अवस्थामा वारदातस्थलमा रहेकै आधारमा प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको अपराध गरेछन् भनी अनुमान गरी

कसुरदार ठहर गर्न नमिल्ने हुँदा प्रत्यर्थी प्रतिवादीहरू अविशेष श्रेष्ठ, विवेक वि.सी. र सुरेश तामाङले अभियोग दाबीबाट सफाइ पाउने र मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।९।१७ मा भएको फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०१६१, राष्ट्रिय वनको रूख काटी हानि नोक्सानी गरेको, *नेपाल सरकार वि. जनकलाल थारू*

स्रोत व्यक्ति सह अभियुक्तहरूले नै अदालतमा बयान गर्दा इन्कार गरेको तथ्य प्रमाणलाई अन्य सर्जमिनका व्यक्तिबाट अलग किसिमले आउँदैमा त्यस्तो कुराले प्रत्यक्ष प्रमाणको रूप धारण गर्न नसक्ने हुनाले अ.वं. ११५ नं बमोजिम वादीका साक्षी सबुत नबुझी सफाइ दिएको मिलेन भन्ने पुनरावेदन जिकिर मनासिब देखिन आएन । अर्कोतर्फ हाम्रो देशले अँगालेको कानून प्रणाली र यस अदालतले अवलम्बन गरी आएको अभ्यासले पनि वन मुद्दाको सर्जमिनमा बस्ने व्यक्तिलाई अ.वं.१५५ नं लगाई नबुझी नहुने साक्षी प्रमाणको संज्ञा दिन पनि न्यायोचित देखिन नआउने ।

अनुमान र शङ्का देखाई अधिकारप्राप्त अधिकारीसमक्ष भएको कागजमा पोल गरेकोसमेतका आधारमा मात्र प्रत्यर्थी प्रतिवादी जनकलाल थारूलाई कसुरदार मान्न नमिल्ने हुँदा आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको पुनरावदेन अदालत नेपालगन्जको फैसला मिलेको देखिन आयो ।

सुरू फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६६।१०।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०२९३, वैदेशिक रोजगारसम्बन्धी कसुर, *नेपाल सरकार वि. बिनोदबहादुर खड्कासमेत*

जाहेरवालालाई वैदेशिक रोजगारको प्रलोभन देखाई रकम लिए मासेको प्रतिवादी विनोदबहादुर खड्काको रोहवरमा कागज खडा भई निज बिनोदबहादुर खड्काको सहीछाप भएको पनि देखिँदैन । उक्त लिखतको व्यहोरा हेर्दा झक्कडबहादुर थापाले जाहेरवालासँग वैदेशिक रोजगारमा पठाउने प्रयोजनको लागि रकम लिएको नभई व्यक्ति जमानीको कागजसम्म गरेको देखिन्छ । प्रतिवादीउपरको वैदेशिक रोजगारको मुख्य दशी प्रमाण भनी वादी नेपाल सरकारले उक्त कागजलाई नै मानी अभियोग लगाएको देखिन आउँछ । मुख्य व्यक्ति बिनोदबहादुर खड्काको सहिछाप नभएको उक्त लिखतलाई कानूनी मान्यता प्रदान गरी वैदेशिक रोजगारको कसुरदार ठहर्‍याउन न्यायको रोहमा मिल्ने देखिन नआउने ।

वैदेशिक रोजगार विभागको कानूनी कारवाहीमा परेका प्रतिवादी विनोदबहादुर खड्कालाई जाहेरवाला स्वयम्ले सबै रकम बुझेको झुट्टा व्यहोरा देखाई उन्मुक्ति दिएको कुरा निजले न्यायाधिकरणसमक्ष गरेको बकपत्रबाट नै प्रमाणित हुन गएको देखिन्छ । यसरी पीडित स्वयम्ले गरेको व्यवहारबाट निजलाई पर्न गएको असरलाई कानूनको वस्तुनिष्ठ आधार प्रमाण बिना न्यायिक निकायले जाहेरी व्यहोराकै आधारमा वैदेशिक रोजगारको कसुरदार ठहर गर्न कानूनसम्मत र न्यायोचित हुँदैन । अदालतले अभियोगपत्रसँग सम्बद्ध कागज प्रमाणका आधारमा न्याय प्रदान गर्ने हो ।

अभियोगसँग सम्बन्धित सम्बद्ध कागज प्रमाण नै कानूनी मान्यताविहीन रहेको अवस्थामा अदालतले न्याय दिन सक्दैन । मिसिल संलग्न उक्त तथ्यको आधारमा प्रतिवादीमध्येको झक्कडबहादुर थापासँग भएको कागजबाट प्रतिवादीहरू बिनोदबहादुर खड्का र झक्कडबहादुर थापा विरूद्धको अभियोग पुष्टि हुनसक्ने नदेखिने ।

फौजदारी दायित्वको कसुर कायम हुन कानूनको उलङ्घन भएको कुरा तथ्यगत र वस्तुगत प्रमाणबाट पुष्टि हुनुपर्दछ । मिसिल संलग्न प्रमाणबाट यी प्रत्यर्थी प्रतिवादीहरू उपरको अभियोग शङ्कारहित तवरबाट पुष्टि भएको नपाइँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेको देखिन आउने हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १०, ४३ को अभियोग दाबीबाट प्रतिवादीहरू विनोदबहादुर खड्का र झक्कडबहादुर थापाले सफाइ पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७०।११।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-१०९३, जबर्जस्ती करणी, *रिट्ठे भन्ने गङ्गाबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम अदालतबाट परीक्षण गर्दा आपसमा क्रमबद्धरूपमा समर्थित भएका र उक्त कुरा वैज्ञानिक परीक्षणसमेतबाट प्रमाणित हुन आएको छ । पीडित अनिताले अदालतमा आएरसमेत आफ्नै बाबु गंगा बहादुर वि.क.ले जबर्जस्ती करणी गर्‍यो भनी बकपत्र कागज गरिदिएकी र निजले आफ्नै बाबुलाई पोल गरी झुट्टा बकपत्र गर्नुपर्ने कुनै वस्तुनिष्ठ आधार र कारण पनि सङ्कलित तथ्यबाट खुल्न नसकेको हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सजाय गर्ने गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१।२३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवदीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कपिलमणि गौतम
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७१ साल चैत महिना ४ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-००२८, उत्प्रेषण, *रस्मीकुमारी मण्डल वि. जिल्ला शिक्षा कार्यालय, धनुषासमेत*

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति, सानोठिमी, भक्तपुरको मिति २०७१।१।३० गतेको परीक्षा रद्द गर्ने निर्णय र सो निर्णयसँग सम्बन्धित विपक्षीको सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी पास भएका विषयहरू यथावत् राखी रद्द गरिएको सामाजिक विषयको मिति २०७१।४।२४ मा हुन लागेको मौका परीक्षामा निवेदकलाई सामेल गराउनु भन्ने परमादेशको आदेश जारी गरिपाउन जिकिर लिई दायर हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकले आफूले समेत समावेश हुनपाउँ भनी दाबीमा लिएको मिति २०७१।४।२४ को मौका परीक्षा नै सम्पन्न भइसकेको अवस्था देखिँदा रिट निवेदनको औचित्यभित्र प्रवेश गरी निर्णय गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: केशवप्रसाद घिमिरे
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७१ साल पुस २२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-WO-०१७२, उत्प्रेषण/परमादेश, जिल्ला शिक्षा कार्यालय, *नन्दीलाल शाह वि. जिल्ला कालिकोटसमेत*

प्रस्तुत रिट निवेदनमा वारेस नियुक्त ज्ञानेन्द्र महर्जनले "मेरो पक्ष नन्दीलाल शाहको मिति २०७०।९।२९ कालगतिले परलोक भएको" भनी मिति २०७१।१२।१० द.नं. ६१२४ निवेदन इजलाससमक्ष पेस गरेको देखिन्छ । त्यस्तै निवेदक पक्षबाट नियुक्त कानून व्यवसायीले समेत आफ्नो पक्षको मृत्यु भएको जानकारी इजलाससमक्ष गराउनु भएको हुनाले रिट निवेदनको औचित्यता समाप्त भैसकेको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-RC-००५२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जोगेन्द्र साह*

प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार कानूनबमोजिम सजायमा छुट, कमी हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ भन्ने कानूनी व्यवस्था रहेबाट प्रस्तुत मुद्दामा म वारदातको समयमा भारतमा थिएँ त्यसैले मैले अभियोग दाबीबाट उन्मुक्ति पाउनुपर्छ भनी जिकिर लिए तापनि निज वारदातको समयमा भारतमा रहे बसेको भन्ने कुरा वस्तुगत प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन । खाली भारतमा थिएँ भनी भन्दैमा र बुझिएका मानिसहरूले भारतमा मजदुर गर्न गएको भन्ने सुनेको भनी भन्दैमा सो भनाइलाई अन्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएसम्म प्रतिवादीको त्यस्तो जिकिरलाई विश्वासयोग्य मान्न नमिल्ने हुँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को कसुरमा सोही महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१०।११ को फैसला साधकको रोहबाट इन्साफ जाँच गर्दा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल पुस ४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-००५७८, ०८११, सरकारी छाप किर्ते, *वीरेन्द्रकुमार मेहता वि. नेपाल सरकार, गणेशप्रसाद मेहतासमेत वि. नेपाल सरकार*

बरामद भएको सरकारी छाप परीक्षण गर्न पठाउँदा उक्त छापहरू वास्तविक छापसँग मेल नखाएको भन्ने परीक्षण प्रतिवेदनबाट देखिन आएको छ । यसरी अनधिकृत रूपबाट सरकारी छाप बनाई राख्नुको प्रयोजन किर्ते कार्य गर्नका लागि बनाइएको किर्ते छापहरू हुन् भन्ने देखिन आएको अवस्थामा प्रतिवादीहरूले बनाएको छापहरू उक्त कार्यसमेत जहाँ जुनसुकै तवरले बनाइराखेको भए पनि किर्ते कार्यका लागि बनाएको भन्ने देखिन आउने ।

प्रतिवादीहरूमध्येकै घरबाट बरामदी सामानहरू बरामद भएको, बरामद भएको सामान प्रतिवादीमध्येका गणेश मेहता र निजका छोराहरूले राखेको भनी निजकी श्रीमती सरिता मेहताले बरामदी मुचुल्काको रोहबरमा बसी लेखाइदिएको, प्रतिवादीहरू आफूहरूले उक्त कार्य गरेकामा इन्कार रही अदालतमा बयान गरे पनि त्यस्तो इन्कारीलाई अन्य सबुत प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीहरूलाई दामासाहीले १ वर्ष कैद सजाय गर्ने ठहर्‍याएको सुरूको फैसला सो हदसम्म उल्टी गरी सबै प्रतिवादीहरूलाई जनही १ वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।२।५

को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृत: उमानाथ गौतम
कम्प्युटर: रूपा महर्जन
इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०६६५, कर्तव्य ज्यान, *मन्जु पहाडी वि. नेपाल सरकार*

बन्चरोमा लागेको रगतको परीक्षण र अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित रही गरेको बयानलाई अन्य ठोस सबुत प्रमाणबाट खण्डन गर्न सकेको देखिदैन भने बारदात स्थलमा भेटिएको प्रतिवादीले लगाएको चप्पल मासु लिन जाँदा छुटेको भन्दैमा त्यो चप्पल त्यसरी बारदात स्थलमा रहनुको ठोस कारण प्रतिवादीले दिन सकेको पनि पाइँदैन। साथै जाहेरवाला पैसाको विषयमा झगडा हुँदा विवाद भै त्यसैका कारण वा कर्तव्य गरी मारेको भनी दिएको जाहेरी र प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको व्यहोरा एउटै भै आफूले एकपटक घटनाको सिलसिला खोली व्यक्त गरेको भनाइलाई प्रतिवादीले खण्डन गर्न सकेको पनि देखिँदैन। प्रहरीमा भएको बयान डरधाक देखाई जबर्जस्ती गराइएको हो भन्ने जिकिर लिँदैमा त्यस्तो जबर्जस्ती गरेको भन्ने देखिने प्रमाण एवं यसरी डरधाक देखाई जबर्जस्ती बयान गराइएको हो भनी अदालतसमक्ष निवेदन गरेको पनि देखिँदैन। यसरी घटनाक्रम र सिलसिला व्यक्त गरी आफूले अपराध गरेमा साबिती भै गरेको बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट खण्डन हुन नसकेको अवस्थामा त्यसरी व्यक्त भएको साबितीलाई प्रमाणमा लिन नमिल्ने पनि देखिँदैन। यस्तो साबितीलाई इन्कार गरी दसी परीक्षण हुन नसकेको भन्ने आधारमा मात्र अन्य परिस्थितिजन्य प्रमाणबाट कसुर प्रमाणित भै रहेकालाई अनदेखा गरी प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिँदै जाने हो भने अनुसन्धानका क्रममा प्राप्त सबुत प्रमाण निरर्थक हुनुको साथै न्यायको अवमूल्यन हुन जाने।

यी प्रतिवादी र मृतकसमेत भै मृतककै घरमा बसी रक्सी सेवन गरेकोबाट प्रतिवादीको मृतकसँग पूर्व रिसइवी रहेको र मृतकलाई मार्नु पर्नेसम्मको कारण भएको देखिदैन। दुवै बसी रक्सी सेवन गर्दा पैसाका बारेमा कुरा उठी त्यसैमा आपसमा भनाभन विवाद हुँदा धकलपकल भै पहिले मृतकले धकेली लडाइदिएकाले नसाको सुरमा तत्काल उठेको रिस थाम्न नसकी सोही ठाउँमा रहेको बन्चरोले २।३ पटक प्रहार गर्दा मारेको भन्ने देखिएकाले मारौं भन्ने मनसाय र पूर्व योजना र तयारी साथ मारेको भन्ने पनि देखिँदैन। प्रतिवादीले मौकामा दिएको साबिती र प्राप्त दसी (चप्पल र बन्चरो) बाहेक चस्मदिद साक्षी मृतकका पति कल्लु पहाडीले मृतक र यी प्रतिवादीका बीचमा राम्रो सम्बन्ध भएको भनी उल्लेख गर्नुको साथै प्रतिवादी स्वयम्ले पनि मृतक र आफूबीच राम्रो सम्बन्ध भएको र कुनै रिसइवी नभएको भनी बयान गरेबाट यी प्रतिवादी मृतकलाई मार्ने मनसाय राखी मारेको अवस्था पनि देखँदैन। प्रतिवादी बारदातको समयमा ३१ वर्षको अपरिपक्क महिला हुनुको साथै यस पूर्व यी प्रतिवादीले यस प्रकारको वा अन्य कुनै प्रकारको फौजदारी अपराध गरेको भन्ने पनि नदेखिएबाट यी महिलाको चालचलन आपराधिक प्रवृत्तिको पनि देखिन नआउने।

आफैँले प्रहार गरी छोडेको भए पनि मरे नमरेको थाहा नभै अरूले भनेको सुनी बारदातको भोलिपल्ट मृतकको घरमा गै हेर्न जाँदा मृतक तारामायाको मृत्यु भएको भन्ने थाहा पाएको भनी अदालतमा र कसुरलाई स्वीकार गरी मौकामा बयान गरेकोबाट कसुरलाई ढाकछोप गरी उम्कने प्रयास नगरी बसेको यी प्रतिवादीले अनुसन्धान कार्यमा सहयोगै पुर्‍याएको देखिएको साथै नाबालक छोराछोरी भएको यी प्रतिवादीको नाबालक छोराछोरीप्रतिको दायित्व एवम् यिनको पारिवारिक अवस्थासमेतलाई विचार गरी सर्वश्वसहित जन्मकैद नगर्ने गरी ७ वर्ष मात्र कैदको सजाय गर्दा मात्र पनि दण्डको उद्देश्य पूरा भै प्रतिवादीको पुनः सामाजिकीकरण हुनसक्ने देखी ७

वर्ष मात्र कैदको सजाय गर्ने गरी व्यक्त गरेको पुनरावेदन अदालत, नेपालगन्जको रायमा समेत असहमत हुन पर्ने नदेखिने हुँदा प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको ठहर गरी निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई भएको सुरूको फैसलालाई सदर गर्दै प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने भै कैद वर्ष ७ मात्र गर्न मनासिब हुने भनी रायसमेत व्यक्त गरी भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६७।२।१७ को फैसला न्यायसङ्गत नै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-१०६८, ०७२९, ०८७५, ०८७४, १२१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सीता के.सी. समेत, प्रल्हाद के.सी. वि. नेपाल सरकार, सुदर्शन हुमागाईं वि. नेपाल सरकार, सूर्यमान श्रेष्ठ वि. नेपाल सरकार, सीता के.सी. वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदनमा मृत्युका कारण "Death could be due to multiple chop injuries at the neck jaw and right ear. It seems to be homicidal case. भन्ने उल्लेख भै मृत्युको कारण धारिलो हतियारबाट घाँटी लगायत विभिन्न ठाउँमा काटेको घोचेको कारणबाट भएको भन्ने देखिएबाट प्रतिवादी प्रल्हाद के.सी.ले खुकुरीले काटी मारेको भन्ने बयानसित मेलखान गएको देखिन्छ । प्रतिवादीहरूको बयान, घटना प्रकृति मुचुल्कासमेतका उल्लिखित सबुत प्रमाणबाट सबै प्रतिवादीहरूको मिलोमतोबाट मृतकको मृत्यु भएको भन्ने कुरामा विवाद नदेखिने ।

प्रतिवादी सुदर्शन हुमागाईलाई ज्यानसम्बन्धीको १३(४) अनुसार जन्मकैदको सजाय गरी गरेको सुरूको फैसलालाई सदर गरी र प्रतिवादी सूर्यमान श्रेष्ठलाई सुरूले ज्यानसम्बन्धीको १७(२) बमोजिम ५ वर्ष कैद हुने ठहर्‍याएको सुरूको फैसलालाई उल्टी गरी ज्यानसम्बन्धीको १३(४) अनुसार जन्मकैदको सजाय र प्रतिवादी प्रल्हाद के.सी. लाई १३(१) अनुसार सर्वश्वसहित जन्मकैद गर्ने गरेको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी सीता के.सी. मुख्य षडयन्त्रकार देखिएकी तर ज्यान मार्ने कार्यमा वारदातस्थलमा उपस्थित भै मार्ने कार्यमा सहयोग पुर्‍याएको नदेखिँदा निजलाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(४) अनुसार जन्मकैदको सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसित सहमत हुन नसकिने ।

यी प्रतिवादी कम उमेरका देखिएका, निजकी आमाको अह्राैटमा लागी अन्य प्रतिवादीसित मिली योजना बनाई अपराध गरेको प्रस्तुत वारदातभन्दा अगाडि यस्तै कुनै अपराध गरेको भन्ने नदेखिएको र अपराध स्वीकार गरी अनुसन्धान तथा न्यायिक प्रक्रियामा सहयोग पुर्‍याएकोसमेत अपराध हुनुको अवस्था परिस्थितिलाई विचार गर्दा निजलाई सर्वस्वसहित जन्म कैदको सजाय ठहर गरी सो सजाय गर्दा चर्को पर्ने भै १० वर्ष मात्र सजाय गर्न उपयुक्त हुने भनी व्यक्त गरेको पुनरावेदन अदालत, पाटनको रायसमेत न्यायको रोहमा मिलेकै देखियो । तसर्थ उपर्युक्त विवेचित आधार प्रमाणबाट पुनरावेदन अदालत पाटनको मिति २०६६।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६५-CI-०४८७, निर्णय दर्ता बदर हक कायम, *गोपीलाल गिरी वि. बाबुराम उपाध्याय रिमाल*

विवादित कि.नं. ४९० भित्र वादी प्रतिवादी दुवै थरको घर भएको र प्रतिवादीको घर २०२५ सालमा बनेको र वादीको घर २०४३ सालमा बनेको भनी सर्जमिन मुचुल्काका मानिसले लेखाइदिएकामा वादी प्रतिवादी दुवै थरको म्यादभित्र उजुरी पर्न सकेको पनि देखिँदैन। प्रतिवादीको घरले चर्चेको जग्गा साबिकमा प्रतिवादीले खरिद गरी लिएकोभन्दा बढी नै भएपनि वादीले उजुर नगरी बसेको र प्रतिवादीले जिकिर लिएको २०३५ सालमा सर्भे नापी भै कायम भएको कि.नं. ४९० को जग्गामा पर्ने गरी वादीले २०४३ सालमा मात्र घर बनाए पनि प्रतिवादी उजुर नगरी बस्नुको साथै चर्पीसम्म जान बाटो दिइरहेको पनि देखियो। यस्तो अवस्थामा प्रतिवादीको घरसमेत हटाई वादीलाई चलन दिन मिल्ने नदेखिने।

विवादित कि.नं. ४९० को जग्गाको क्षेत्रफल प्रतिवादीले खरिद गरी लिँदाको क्षेत्रफलभन्दा बढी नै देखिएको अवस्था छ सो सम्बन्धमा विचार गर्दा वादी प्रतिवादीमा उल्लिखित चौहदीको मिति २०२६।२।१२ मा पारित राजिनामामा उल्लिखित जग्गा मात्र प्रतिवादीको देखिन आएकाले बढी जग्गा दर्ता गराउँदैमा प्रतिवादीकै हुन्छ भन्न मिल्ने पनि देखिएन। किनकि हकको स्रोतभन्दा बढी दाबी गर्न अर्को हकको स्रोत देखिन आउनुपर्छ । मालपोतमा दाबी विरोध नपरेको भन्दैमा अर्काको बढी जग्गा प्राप्त हुन सक्ने पनि हुँदैन । तसर्थ घरले चर्चेभन्दा बढी जग्गा प्रतिवादीले दर्ता स्रेस्ता गर्दैमा प्रतिवादीकै कायम हुनुपर्छ भन्ने मिल्ने पनि नदेखिएकाले मिति २०६५।१०।२२ मा निस्सा प्रदान गर्ने गरी भएको यस अदालतको आदेश र पुनरावेदन जिकिरसित सहमत हुन नसकिने।

प्रतिवादीले दाबीको कि.नं. ४९० मा बनाएको न.नं. ३ को घर र सोको उत्तरतर्फको न.नं. ४ को जग्गासम्म प्रतिवादीकै कायम रहने गरी सो कि.नं. ४९० भित्रको प्रतिवादीको न.नं. ३ को घरदेखि दक्षिण तर्फको न.नं. ५ को खाली जग्गा र न.नं. २ को घर भएको जग्गासम्मको दूषित दर्ता बदर भै वादीको हक कायम दर्ता हुने ठहऱ्याएको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।५।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल माघ १३ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-००४२, किर्ते तथा ठगी, *नेपाल सरकार वि. प्रदीपकुमार यादवसमेत*

मुख्य अभियुक्त राम विनय यादवको पोलबाहेक प्रतिवादीहरू प्रदिपकुमार, देवेन्द्र र उमेश कुमारउपरको अभियोग मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भएको नदेखिएको तथा मुलुकी ऐन, अ.ब. २०५ नं. अनुसार पुनरावेदन नगर्ने अभियुक्तको हकमा समेत पुनरावेदन गर्नेसरह इन्साफ सजाय उल्टाउन मिल्ने अवस्था रहेको देखिँदा सुरू फैसला केही उल्टी गरी पुनरावेदन नगर्ने प्रतिवादी देवेन्द्र यादव र सुरू म्याद नै गुजारी बसेका प्रतिवादी उमेशकुमार गुप्तासमेतलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीहरू प्रदीपकुमार यादव, उमेशकुमार गुप्ता र देवेन्द्र यादवले सफाइ पाउने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।१०।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१५०६, खिचोला मेटाई चलन, *मोदाकादेवीसमेत वि. मोतीलाल साह कानूसमेत*

विवादको कि.नं. ३४ मा रहेको घरमा प्रतिवादीको भोग रहेको देखिएको र उक्त भोगका विरूद्धमा वादीले कानूनबाट निर्धारित समय (हदम्याद) भित्र नालिस गरेको नदेखिएको भनी उल्लिखित प्रश्नको निरूपण भएको हुँदा विवादको कि.नं. ३४ को जग्गामा प्रतिवादी मोतीलालले खिचोला गरेको ठहर गर्ने सुरू फैसला उल्टी गरी हदम्यादको अभावमा फिराद दाबी खारेज गर्ने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल फाल्गुण ३ गते १ रोज शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६२-CI-७८९६, ७९२७, हक कायम दर्ता बदर, *सीताराम धिताल वि. हृदयराज धिताल, हृदयराज धिताल वि. सीताराम धिताल*

स्व. ठाकुरप्रसाद धितालको तीन श्रीमतीहरूमध्ये जेठी निसन्तान भएकी र निजको स्वर्गवाससमेत भैसकेको छ भने माइली श्रीमती उत्तमकुमारी तथा कान्छी श्रीमती तुलसी भएकामा माइली उत्तमकुमारीको मृत्यु २०३४ सालमा भएको र निजबाट नेत्रप्रसाद, गणेशप्रसाद, सीताराम, उपेन्द्रप्रसादसमेतका ४ छोरा भएको र कान्छी श्रीमती तुलसीतर्फबाट नन्द, रामचन्द्र, माधव र दिनेशप्रसादसमेत गरी ४ छोराहरू भएकामा विवाद छैन । पुनरावेदक/प्रतिवादी नेत्रप्रसादको छोरा भएको कुरा मिसिलबाट स्पष्ट भएको देखिन्छ । मिति २०१५।८।१३ मा घरसारमा भएको बन्डापत्रमा ठाकुरप्रसादकी माइली श्रीमतीपट्टिका छोराहरूको अंशभाग गणेशप्रसादको जिम्मा रहेको भन्ने देखिन्छ । उक्त मिति २०१५।८।१३ को घरसारको बन्डापत्रमा समेत विवाद देखिँदैन । सो बन्डापत्र बमोजिमका जग्गाहरू नामसारी हुन नपाउँदै ठाकुरप्रसादको मृत्यु भएकाले उक्त जग्गाहरू उत्तमकुमारीका नाउँमा रहेको विभिन्न कित्ता जग्गाहरूमध्ये ज.वि. १०-१-२ जग्गा एकलौटी आफ्नो नाममा दर्ता हुनुपर्छ भन्ने पुनरावेदक वादी सीताराम धितालले पुनरावेदन जिकिर भएपनि उक्त जग्गाहरू २०१५ सालको बन्डापत्रबमोजिमका जग्गाहरू भएको सोही जग्गाहरू पछि आमा उत्तमकुमारीका नाउँमा मिति २०१८।२।९ मा नामसारी दर्ता भएको देखिएको र ती जग्गाहरू निजको एकलौटी हकभोगको हो भन्ने प्रमाण कागजात पेस गरी निजले सो कुराको पुष्टि गर्न नसकेको तथा २०१५ सालको बन्डापत्रमा समेत उक्त कुरा उल्लेख हुन नसकेबाट निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

२०१५ सालको बन्डापत्रबमोजिम ठाकुरप्रसादको माइली श्रीमती उत्तमकुमारीतर्फका ४ भाइ छोराको अंशियारको अंशभाग गणेशप्रसादको जिम्मामा राखिएकामा सोही जग्गाहरू पछि आमा उत्तमकुमारीको नाममा दर्ता भएको देखिएको छ । उत्तमकुमारीको नाममा नामसारी भएको सो जग्गा अन्य अंशियारमा गएको प्रमाण मिसिल संलग्न रहेको नदेखिएको र यी प्रतिवादी हृदयराजले अन्य अंशियारले अरू जग्गा दर्ता गराएको भनी प्रमाण कागजात पेस गरी पुष्टि गराउन नसकेको तथा एक अंशियार उपेन्द्रप्रसादले आमा उत्तमकुमारीका नाममा रहेको ज.वि.२९-४-६ मध्ये ज.वि.७-५-० आफ्ना नाउँमा दा.खा. नामसारी गरिपाउँ भनी निवेदन दिने क्रममा यिनै पुनरावेदक प्रतिवादी हृदयराजले उपप्रधानपञ्चको हैसियतले मिति २०४२।३।२ मा सिफारिस गर्दा ४ अंशियार भएको भनी सिफारिस गरेबाट आमा उत्तमकुमारीको

नामको सम्पूर्ण जग्गाहरू आफ्नो अंशभागको हो भन्ने निजको पुनरावेदन जिकिर आफैँमा खण्डित भैरहेको पाइने हुँदा उत्तमकुमारीको नाममा रहेका विभिन्न कित्ताका जग्गाहरूको ४ अंशियार भएको ठहर्‍याई प्रतिवादी हृदयराज धितालले मालपोत कार्यालय, नवलपरासीबाट दर्ता गराएका विभिन्न कित्ताका जग्गाहरूबाट ४ भागको एक भाग जग्गासम्म वादीको हक लाग्ने भै सो हदसम्म वादीको हक कायम भै दर्ता बदर नामसारीसमेत हुने ठहर्‍याएको नवलपरासी जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०५९।३।३२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ सा मङ्सिर २८ गते रोज १ शुभम् ।

- ०६२-CI-७९१४, लिखत दर्ता बदर, *विन्ध्यालक्ष्मी धितालसमेत, वि. सीताराम धिताल*
- ०६२-CI-७९१५, लिखत दर्ता बदर, *विन्ध्यालक्ष्मी धितालसमेत, वि. सीताराम धिताल*
- ०६२-CI-७९१६, बिक्री बदर, *विन्ध्यालक्ष्मी धितालसमेत, वि. उपेन्द्रप्रसाद धिताल*
- ०६२-CI-७९१७, बिक्री बदर, *विन्ध्यालक्ष्मी धितालसमेत, वि. उपेन्द्रप्रसाद धिताल*
- ०६२-CI-७९१९, लिखत बदर नामसारी, *विन्ध्यालक्ष्मी धितालसमेत, वि. गणेशप्रसाद धिताल*
- ०६२-CI-७९२०, लिखत बदर, *नारायण लम्सालसमेत, वि. सीताराम धिताल*
- ०६२-CI-७९२१, हक कायम दर्ता बदर, *हृदयराज धिताल, वि. उपेन्द्रप्रसाद धिताल*
- ०६२-CI-७९२२, लिखत दर्ता बदर नामसारी, *हृदयराज धिताल, वि. सीताराम धिताल*
- ०६२-CI-७९२३, लिखत दर्ता बदर नामसारी, *साधना लम्सालसमेत वि. गणेशप्रसाद धिताल*
- ०६२-CI-७९२४, लिखत बदर, *हृदयराज धिताल, वि. सीताराम धिताल*
- ०६२-CI-७९२५, दर्ता बदर नामसारी, *हृदयराज धिताल, वि. गणेशप्रसाद धिताल*
- ०६२-CI-७९२६, बन्डापत्र लिखत दर्ता बदर, *हृदयराज धिताल, वि. गणेशप्रसाद धिताल*
- ०६२-CI-७९२८, लिखत बदर, *हृदयराज धितालसमेत, वि. गणेशप्रसाद धिताल*
- ०६२-CR-३१६९, जालसाजी, *हृदयराज धिताल, वि. उपेन्द्र धिताल*
- ०६२-CR-३१७१, जालसाज, *विन्ध्यालक्ष्मी धितालसमेत, वि. सीताराम धिताल*
- ०६२-CR-३१७२, जालसाज, *विन्ध्यालक्ष्मी धितालसमेत, वि. सीताराम धिताल*
- *०६२-CI-७९१८, लिखत बदर, विन्ध्यालक्ष्मी धितालसमेत वि. गणेशप्रसाद धिताल*
- *०६२-CR-३१७०, जालसाज, हृदयराज धिताल वि. गणेशप्रसाद धिताल*

**२**

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०४९८, परमादेश, *शोभाचन्द्र मिश्र वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, काठमाडौंसमेत*

रिट निवेदक वीर अस्पतालको प्याथोलोजी विभागमा कार्यरत कर्मचारी भएको देखिन्छ । निजले उक्त अस्पतालको नीति नियमभित्र रहेर काम गर्नुपर्ने हुन्छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को प्रस्तावनामा नै चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान उच्चस्तरीय अध्ययन तथा अध्यापन गराउने संस्था

भएकाले यस प्रतिष्ठानमा कार्यरत् प्रत्येक कर्मचारी स्वास्थ्यकर्मी तथा चिकित्सकहरूको दायित्व नै अध्ययन तथा अध्यापन गराउने भएकाले निजले आफ्नो जिम्मेरीअनुसारको कार्य गर्नुपर्ने हुन्छ । उक्त जिम्मेवारी निभाउने कार्य गर्दा नियमबमोजिम कुनै किसिमको भत्ता पाउने व्यवस्था रहेको अवस्थामा मात्र निजले त्यस्तो भत्ताको लागि दाबी गर्न मिल्छ । कुनै पनि संस्थामा नियमित तथा अतिरिक्त काम गरेबापत थप सुविधा दिने वा नदिने भन्ने कुरा उक्त संस्थाको आर्थिक स्रोत र नीतिमा भर पर्ने कुरा हुन आउने ।

संस्थाले नियमबमोजिम प्राप्त भत्ता उपलब्ध गराएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएको अवस्था हुँदा नियमबमोजिम प्राप्त हुने तलब भत्ता सम्बन्धित निकायबाट प्रदान गरिएको भन्ने देखिन आयो । यदि रिट निवेदकले उक्त तलब भत्ता नलिएको भए वीर अस्पतालबाट नियमबमोजिम तलब भत्ता दिन तयार भएकै अवस्था देखियो । सो हुँदा उक्त सम्बन्धमा रिट निवेदकको निवेदन जिकिर पुग्न सक्ने देखिँदैन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६९-CI-१२३९, उत्प्रेषण, नवराज नेपाल वि. का.जि.का.म.न.पा. वडा नं. ३१ कमलादीस्थित अल्पाइन कार्ड सर्भिसेज प्रा.लि.समेत

राष्ट्र बैंकको मौद्रिक नीति तथा नियमबमोजिम जारी भैरहेको निर्देशनबमोजिम निवेदकले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न नसकेको स्थितिमा यी निवेदकलाई विपक्षी इन्भेस्टमेन्ट बैंकको सिफारिसबमोजिम कालो सूचीमा राखेको कार्यले यी पुनरावेदक (निवेदक) को संविधान प्रदत्त कुनै पनि हकमा आघात परेको मान्न मिल्ने अवस्था देखिँदैन । साथै काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको हरहिसाब गराइपाउँ भन्ने मुद्दाबाट यी पुनरावेदक तथा विपक्षी रविन्द्र मल्लबीच विद्यमान हरहिसाबसम्बन्धी विवादको समेत निरूपण हुन सक्ने नै देखिँदा यी पुनरावेदकलाई कालो सूचीमा राख्ने गरी भएको आदेशलाई बदर गरी रहन पर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१।२५ गते भएको आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदन मागबमोजिम आदेश जारी गरिपाउँ भन्ने निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** २०७०-RC-०००८, अदालतको अपहेलनामा सजाय गरिपाउँ, *लक्ष्मीकान्त मिश्र वि. गाउँ विकास समिति नरैनापुर बाँकेको पदपूर्ति समितिसमेत*

कुनै पनि विज्ञापन गरिएको पदको लागि चाहिने योग्यता वा विज्ञापन गरिएको पदपूर्ति गर्नको लागि चाहिने कानूनबमोजिमको प्रक्रिया पूरा हुनुपर्नेमा विवाद देखिँदैन । अदालतको आदेशले कुनै व्यक्तिलाई नियुक्ति दिनु वा नदिनु नभनी पदपूर्तिको कार्य टुङ्गोमा पुर्‍याउनु भनेको मात्र देखिन्छ । लिखित जवाफबाट अदालतको अवहेलना गर्ने मनसाय नराखेको र भविष्यमा समेत अवहेलना नगर्ने नि:सर्त प्रतिबद्वता जनाएको देखियो । अदालतको आदेशबमोजिम पटक पटक पदपूर्ति समितिको बैठक बोलाई मुखिया पदका उम्मेदवार लक्ष्मीकान्त मिश्रको मिति २०६२।३।२८ देखि २०६४।२।२६ सम्म आफ्नो पदमा बसी निरन्तर काम काज गरी सेवा अविछिन्नता रहेको आधार पुष्टि हुन नसकेकाले सम्भाव्य उम्मेद्वार हुन नसक्ने भनी कारण खुलाई मिति २०६९।८।१४ गते पदपूर्ति समितिले पदपूर्तिको कार्य रद्द गरेको देखिँदा

विपक्षीहरूबाट अदालतको आदेशको अवहेलना भएको नदेखिएकाले अदालतको अबहेलनामा सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा अदालतबाट निर्धारित प्रक्रिया अपनाई पदपूर्तिको कार्य टुङ्गो लगाइदिनु भनी आदेश भएकामा कानूनबमोजिम आफ्नो क्षेत्राधिकारको प्रयोग गरी सेवामा निरन्तरता पुष्टि हुन नसकेको कारण सम्भाव्य उमेद्वार हुन नसक्ने जनाई पदपूर्तिको कार्य रद्द गरेको निर्णयबाट अदालतको अवहेलना भए गरेको नदेखिँदा सजाय गरिपाउँ भन्ने निवेदन दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६९।१२।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

शाखा अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल चैत २६ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०१६६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. प्रयागराय यादवसमेत*

प्रतिवादीहरूले पहिलेदेखि नै मानसिक रूपमा तयार भै जोखिमी हतियारले जाहेरवालाहरूलाई योजनाबद्धरूपमा ताकेर प्रहार गरेको नदेखिएको, कुनै अन्य काबुबाहिरको तत्त्वले निज प्रतिवादीहरूलाई रोकेको पनि नभई आफैँले झैझगडापश्चात् जाहेरवालाको घर बनाएको, छठीमाताको सार्वजनिक जमिनमा गएका र सामान्य झडप भएपश्चात् आफैँ फर्की आएका तेस्रो पक्षको अपर्झट उपस्थितिले गर्दा घाइतेको र यसबाट बच्न गएको कुरा मिसिलबाट देखिन नआएको र घाइतेहरूलाई लागेको घाउ मर्नेसम्मको प्रकृतिको नभएको कुरा मिसिल संलग्न घा जाँच केस फारामहरूबाट समेत देखिन नआएकाले प्रस्तुत मुद्दाको समग्र विश्लेषण व्याख्या गर्दा प्रतिवादीहरूले ज्यान लिने उद्देश्यबाट पीडित जाहेरवालाहरूमाथि आक्रमण गरिएको भन्ने कुराको पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीहरू प्रयागराय यादव, चन्द्रेश्वर राय यादव, उदयचन्द्र प्रसाद यादव, मोहनप्रसाद यादव, पुनितप्रसाद यादव, मो. साहेब हजरा, पन्नालाल प्रसाद यादव जगतनारायण प्रसाद यादव, धनपत राय यादव, गनपत राय यादव, लहवारी साह, जितेन्द्र ठाकुर लोहार, गोपाल राय यादव र विगन राय यादवलाई आरोपित कसुरबाट सफाइ दिने गरी बारा जिल्ला अदालतबाट भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१०।२४ का फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन अभियोगबाट सफाइ पाउने।

शाखा अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-RC-०११८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हेमबहादुर आलेसमेत*

प्रतिवादी छविकुमारी आलेका हकमा निज आफू सो दिन घरमा नरही दाजुको घरमा रहेको भनी Alibi लिएकी र हेमबहादुर आलेको घरबाट बरामद गरिएको रगत जस्तो भनिएको पदार्थको परीक्षण हुँदा रगत नभएको कुरा प्रयोगशालाले लेखी पठाएको देखिन्छ। मृतकको लास रहेको ठाउँमा रगत बगेको कुरा लास जाँच मुचुल्कामा उल्लिखित रहेबाट निजलाई अभियोग पत्रमा उल्लेख भए झै अन्यत्र मारी ल्याई फालेको तथ्यको पुष्ट्याई भएको नभै मृतकको लास फेला परेको ठाउँमा नै भएको चोट पटकको कारणबाट मृत्यु भएको कुरा तर्कसम्मत रूपबाट समर्थित भएको पाइने।

वारदातका दिन छविकुमारी आले आफ्नो घरमा भएको भए पनि घरमा मृतकलाई कुटपिट गरी मारेको तथ्यको पुष्ट्याइँ नभएकाले आरोपित कसुरमा निज छविकुमारी आलेको संलग्नता सहभागिता

रहेको तथ्यको पुष्ट्याइँ ठोस र शङ्कारहित रूपबाट भएको नपाइएको र प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने व्यवस्था भएकामा सरकारी पक्षबाट कसुरदार प्रमाणित गर्न नसकेको अवस्थामा निजलाई सजाय गर्नु फौजदारी न्यायशास्त्रविपरीत देखिँदा पुनरावेदन अदालत पोखराको मिति २०६२।१२।२२ को फैसला उल्टी भै प्रतिवादी छविकुमारी आलेले सफाइ पाउने।

प्रतिवादीमध्येका अभियुक्त हेमबहादुर आलेले विद्यालयको पुरानो काठ रू.६५०।- दिने सर्तमा लगेकामा पटकपटक माग गर्दासमेत सो रकम नबुझाएकाले विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार मृतक स्वयम् अभियुक्तहरूको गाउँ घरमा गएको मृतक र हेमबहादुर बीच रत्नकुमारीको पसलमा मिति २०६०।२।५ गते रकम माग गर्दा नदिई भनाभन भएको कुरा निज हेमबहादुर आलेको अधिकारप्राप्त अधिकारी तथा अदालतमा भएको बयानबाट स्पष्ट भएको र भोलिपल्टै मृतकको लास भेटिएकामा मृत्यु कर्तव्यबाट भएको तथ्यको पुष्ट्याइँ माथिल्लो प्रकरणमा भएको विवेचनाबाट भइरहेकाले निज हेमबहादुर आलेकै कर्तव्यबाट मृतकको मृत्यु भएको कुराको पुष्ट्याइँ परिस्थितिजन्य प्रमाणबाट भएको देखिन आउने।

प्रतिवादीमध्येका हेमबहादुर आलेले विद्यालयको पुरानो काठ रू.६५०।– मा खरिद गरेकामा पटकपटक माग गर्दासमेत सो रकम नबुझाएकाले विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार मृतक स्वयम् अभियुक्तहरूको गाउँ घरमा गएको र पुरानो काठको रकम माग गर्दा नदिई भनाभन भै सोही कारणबाट सामान्य रकम सम्बन्धमा विवाद भै मार्ने योजना नबनाई धारिलो जस्तो जोखिमी हतियारको प्रयोग नगरी भएको प्रहारबाट मृतकको मृत्यु भएको अवस्था मिसिल सलग्न सबुद प्रमाणको मूल्याङ्कनबाट तर्कसम्मत रूपबाट पुष्टि भएकाले यी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्न ज्यादै चर्को पर्ने हुँदा अ.बं. १८८ नं. अनुसार कैद वर्ष दशसम्म हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असार ४ गते रोज ६ शुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०३०३, उत्प्रेषण/परमादेश, *मीना श्रेष्ठ डङ्गोल वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

रिट निवेदिकाउपर फौजदारी कसुरमा अभियोग दायर भएको स्थिति र कर्मचारीले पालन गर्नुपर्ने आचरणसम्बन्धी सर्त उल्लङ्घन गरेबापत नेपाल राष्ट्र बैङ्कले सजाय गरेकोलाई समान कसुर भन्न मिल्दैन। बैङ्किङ कसुरमा लगाएको अभियोग र कर्मचारीको सेवासम्बन्धी कानूनअन्तर्गत विभागीय सजाय गरेको स्थिति फरक विषय रहेकाले यी निवेदिकाउपर दुईवटा अभियोग लगाइएको भन्न नमिल्ने भएकाले निजको जिकिर कानूनसम्मत् देखिन नसक्ने।

दोहोरो खतराको सिद्धान्त आकर्षित हुनको लागि एउटै कसुरमा एकभन्दा बढी अभियोग लगाउन र अदालतबाट सजाय नगरिने भन्ने हो। यी निवेदिका विरूद्ध एउटा कसुरमा एकभन्दा बढी अभियोग लगाइएको अवस्था छैन। आचरणसम्बन्धी सर्त उल्लङ्घन गरेको विषयमा बैङ्कले गरेको कारवाही उक्त बैङ्कको आफ्नो आन्तरिक कारवाही हुँदा सो आन्तरिक कारवाहीले नेपाल सरकारले दायर गरिने सरकारवादी फौजदारी अभियोगको गणनामा आउन सक्ने अवस्था नभएकाले बैङ्कले गरेको आन्तरिक कारवाही र नेपाल सरकारले दायर गरेको अभियोगलाई एउटै कसुरमा दुईवटा अभियोग भन्न

नमिल्ने हुँदा निज निवेदिकाले लिएको जिकिर कानून एवम् संविधानसम्मत देखिन नआउने।

नेपाल राष्ट्र बैङ्कबाट जारी तत्कालीन एकीकृत निर्देशिका, २०६९ मा उल्लिखित कर्मचारीले पालन गर्नुपर्ने आचरणसम्बन्धी सर्त उल्लङ्घन गरेबापत विभागीय कारवाहीस्वरूप निवेदिकालाई नेपाल राष्ट्र बैङ्कले जरिवाना गरेको विषय र बैङ्किङ कसुरमा अभियोग लगाई मुद्दा दायर गरिएको विषय फरक कानून आधारमा भएकाले एउटै कसुरमा दुईवटा अभियोग लगाइएको भन्न नमिल्नुका साथै नेपाल राष्ट्र बैङ्कले गरेको सजायकासम्बन्धमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १०२ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेबमोजिम यी निवेदिकाले वैकल्पिक कानूनी उपचारको मार्ग अवलम्बन गरी पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेको भन्ने देखिन आएबाट सोही पुनरावेदनको रोहबाट विवादको निराकरण हुने हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने भएबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल कात्तिक १६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०८८४, उत्प्रेषण/परमादेश, *तेजनारायण सिंह राजपुत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

विभागको मिति २०७१।१०।१४ को निर्णयमा कानूनका केही झिनामसिना रीत नपुगेको भएपनि त्यसबाट निवेदकलाई अन्याय परेको भन्न मिल्दैन। रिट उपचारको व्यवस्था संविधानले प्रदान गरेको संवैधानिक व्यवस्था भए पनि यसको जग समन्याय भएको कुरा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ को उपधारा (२) मा रहेको *सो प्रयोजनको लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न* भन्ने वाक्यांशबाट स्पष्ट हुन्छ। यसमा कानूनको छिद्रान्वेषणभन्दा पनि न्यायलाई महत्त्व दिइन्छ। उक्त वाक्यांश र यस अदालतले अवलम्बन गरेको रिटसम्बन्धी प्रचलन र पद्धतिअनुसार कुनै निर्णय र आदेशमा कानूनी त्रुटि देखिनु रिट जारी हुने एक आधार हुनसक्ने भए पनि निवेदकको आचरण, विपक्षीलाई पर्ने मर्का, सामाजिक न्याय, समाजमा पर्ने प्रभाव, हकदैया आदि विभिन्न तत्त्वलाई विचार गरेर मात्रै रिट आदेश जारी हुने वा नहुने कुराको निरोपण हुने कारणबाट रिट उपचारलाई समन्यायमा आधारित अदालतको तजबीजमा जारी हुने उपचार भनिन्छ। मकवानपुर भनेको निवेदकको घर बारा जिल्लाभन्दा ३ घण्टाको दूरीमा रहेकाले उक्त सरूवाबाट निवेदक ऐन र नियमले तोकेको सुविधाबाट वञ्चित भएको भन्न मिल्दैन। निवेदकको त्यस्तो जिकिर पनि छैन। निजामती कर्मचारीले मूलतः सेवा भावना लिनुपर्छ। यो सरूवाबाट कदाचित निवेदकलाई कुनै असुविधा परेको माने पनि यस्ता असुविधालाई निवेदकले सहजरूपमा स्वीकार गर्नुपर्छ।

यसर्थ निवेदकको सरूवासम्बन्धी समग्र अभिलेखको विचार गर्दा प्रस्तुत विषयमा निवेदकलाई अन्याय परेको अवस्था नरहेको र सरूवा आदि कुरा स्थायी प्रकृतिका नभै त्यसलाई विभागले आवश्यकतानुसार उपयुक्त पात्रको लागि उपयुक्त समयमा मिलाउन सक्ने नै हुँदा अदालतले सोझै हात हाल्नु नीतिगत हिसाबले पनि उपयुक्त नभएकाले विपक्षीहरूबाट कारण देखाउ आदेश माग गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०९३१, उत्प्रेषण/परमादेश, *श्यामलाल खवास वि. संजोग खवाससमेत*

सुरू अदालतमा विचाराधीन मुद्दामा साधारण अधिकारक्षेत्रबाट नै कानूनबमोजिम न्याय प्राप्त गर्ने अवस्था हुँदाहुँदै असाधारण अधिकारक्षेत्र आकर्षित हुन सक्ने हुँदैन । तायदाती फाँटवारी माग गर्दैमा निवदेकले न्याय नपाउने वा निज न्यायबाट वञ्चित हुने स्थिति हुँदैन । कानूनबमोजिम अंश चलन मुद्दामा अंशबन्डासम्बन्धमा यी निवेदकसमेत कारवाहीमा सामेल भै न्याय प्राप्त गर्न नपाउने वा निजले न्याय प्राप्त गर्न नसक्ने गरी निर्णय भैसकेको अवस्था नहुँदा असाधारण अधिकारक्षेत्रअन्तर्गत उत्प्रेषणको आदेश जारी हुन सक्ने देखिएन । सुरू अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत कारावाही भैरहेको विचाराधीन मुद्दामा प्रभाव पार्ने र सो न्यायको मार्ग अवरूद्ध गर्ने गरी उत्प्रेषणको आदेश जारी हुन सक्ने नदेखिदा विपक्षीहरूसँग लिखित जवाफ माग गर्ने गरी आदेश गरी कारवाही अगाडि बढाउनुपर्ने नहुँदा प्रस्तुत रिटबाट पुनरावेदन अदालत, विराटनगरको आदेश बदर गर्नुपर्ने नदेखिने हुँदा तायदाती माग गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट तायदाती माग गरेकामा उक्त अंश मुद्दा हाल कारवाहीयुक्त अवस्थामा रहेको र सो मुद्दाबाट नै निवेदकले अंश पाउने हो होइन भन्ने सम्बन्धमा निर्णय हुँदा नै उल्लिखित अंश मुद्दामा प्रभाव पर्ने गरी निवेदकको मागबमोजिम आदेश जारी हुन नसक्ने हुँदा प्रारम्भिक दृष्टिबाट नै विपक्षीहरूबाट लिखित जवाफ मगाइ रहनुपर्ने नभई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विनोद रखाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल जेठ ३१ गते रोज १ सुभम् ।

## अन्तरिम आदेश

**१**

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७२-WO-००४३, उत्प्रेषण/परमादेश, *अनु प्रधान राणा वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

दुवै पक्षलाई छलफलमा राखी निष्कर्षमा पुग्न उपयुक्त हुने हुँदा विपक्षीहरूलाई सोको सूचना दिनू । अन्तरिम आदेश छलफल भई टुङ्गो नलागेसम्म निवेदिकालाई निज कार्यरत कार्यालयमा पूर्ववत्‌रूपमा कामकाज गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम् ।

**२**

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७२-WO-००८७, ०७२-FN-००६४, उत्प्रेषण, *यादवप्रसाद पौडेलसमेत वि. शिक्षा मन्त्रालयसमेत*

अन्तरिम आदेश छलफलको निमित्त मिति २०७२।५।७ गतेको पेसी तारिख तोकी सोको जानकारी विपक्षीहरूलाई गराई नियमानुसार पेस गर्नू । साथै अन्तरिम आदेशको टुङ्गो नलागेसम्मको लागि निवेदनमा उल्लिखित विद्यालय शिक्षक व्यवस्थापन शाखा, सानोठिमी भक्तपुरको मिति २०७२।३।२९ को पत्रको प्रयोजनको निमित्त सम्बन्धित शिक्षकहरूलाई छुट्टै हाजिरी कपीमा हाजिर गराउनु भनी सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम तत्कालको लागि अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ । निवेदकले रिट निवेदनमा टाइपबाट हुन गएको त्रुटि संशोधन गरिपाउँ भनी दिएको ०७२-FN-००६४ को निवेदनमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २९ बमोजिम संशोधनसमेत हुने ।

इति संवत् २०७२ साउन ३२ गते रोज २ शुभम् ।

**३**

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७२-WO-००९२, उत्प्रेषण, *मेरी स्टोप्स सर्भिसेजकी प्रवन्धक फरिना बानु वि. श्रम अदालतसमेत*

श्रम ऐन, २०४८ को दफा ७९(१) को व्याख्यासम्बन्धी प्रश्न रहेको देखिनाले प्रस्तुत रिट निवेदनको टुङ्गो नलागी श्रम अदालतको फैसला

कार्यान्वयन भएमा रिट निवेदन दाबी अर्थहीन हुने हुँदा अर्को आदेश नभएसम्म यिनै पक्ष विपक्ष भएको मुद्दामा श्रम अदालतबाट मिति २०७१।११।१४ मा भएको फैसला कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा यो अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WO-००७७, उत्प्रेषण, *समिरकुमार अधिकारी वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय काठमाडौंसमेत*

यी निवेदकको लोक सेवा आयोगद्वारा माग गरिएको विज्ञापनमा ४ जनाले दरखास्त फाराम बुझाएको १ जना मात्र लिखित परीक्षामा सामेल भई लिखित परीक्षामा उत्तीर्ण भै अन्तर्वार्ताको लागि सूचनासमेत प्रकाशित गरिएकामा अन्तर्वार्तामा समावेश हुँदा आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको भनी निजको दरखास्तसमेत रद्द गर्ने गरेको निर्णयमा कुनै आधार र कारण उल्लेख नभएको एकपटक आफैँले माग गरेको शैक्षिक योग्यताकै आधारमा परीक्षासमेत दिई उत्तीर्ण भएकामा आधार र कारणबिना परीक्षा भएको नदेखिँदा सुविधा र सन्तुलनको दृष्टिकोणबाट यस्तो निर्णय कार्यान्वयन हुँदा मुद्दाका पक्षलाई अपूरणीय क्षतिसमेत पर्नजाने देखिएकाले हाललाई नियुक्ति नदिने निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी मिति २०७२।५।२८ सम्मका लागि अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-WO-००८४, उत्प्रेषण, *नारायणमणि लामिछानेसमेत वि. उद्योग मन्त्रालयसमेत*

घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशक श्री नविनकुमार झालाई मिति २०७१।९।२८ को माननीय मन्त्रीस्तरीय निर्णयबाट उद्योग मन्त्रालयमा काजमा राखिएको र पदपूर्तिसमेतको काम गर्न भनी कामु सहकार्यकारी निर्देशक श्री घनराज पन्तलाई समितिमा खाली रहेको पदपूर्तिसमेत गर्न पाउने गरी समितिको निमित्त कार्यकारी निर्देशक भनी तोकिएको व्यहोरा मिति २०७१।१०।१३ को पत्रबाट देखिन आएको छ। घरेलु तथा साना उद्योग विकास समिति कर्मचारी सेवा सर्त नियमावली २०५५ को नियम ३.१.२(१) मा पदपूर्ति समितिसम्बन्धी व्यवस्था भएकामा संस्थाको कार्यकारी प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत सो समितिको अध्यक्ष रहने व्यवस्था भैरहेकामा उक्त नियम ३.१.२ प्रतिकूल मिति २०७१।१०।१३ को मन्त्रिस्तरीय निर्णयबाट पदपूर्तिलगायतका कार्यहरू निमित्त भै गर्न भनी तोकिएका का.मु. सहकार्यकारी निर्देशक श्री घनराज पन्तबाट पदपूर्ति समिति गठनलगायतको पदपूर्तिसम्बन्धी सम्पूर्ण काम कानूनअनुरूप नभएकाले दशौं तहको पदहरूसमेतको लागि मिति २०७२।४।१८ को गोरखापत्रमा प्रकाशित गरेको सूचनासँग सम्बन्धित पदपूर्ति गर्ने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत, नियमावली २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति